

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक ४५ • २०८० साल असार १९ गते मंगलबार (4 July, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## संघीय सरकारमा जनमत ईन किराती आउट हुने

**टुडे समाचारदाता**

काठमाण्डु ।सत्तासिन गठबन्धन दलका शीर्ष नेताहरुको बैठकले संघीय सरकारमा जनमत पार्टीलाई ल्याउन सहमति गरेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' सित आइतवार भेंटेका जनमत पार्टीका अध्यक्ष डा.सी.के.राउतलाई संघीय सरकारमा सहभागिताका लागि आग्रह गरेका थिए ।

भेंटमा राउतपनि सरकारमा सहभागि हुने आतुरता देखाएपछि सोमवार बसेको गठबन्धन दलको बैठकमा प्रधानमन्त्री प्रचण्डले सहमति लिएका छन् ।

जनमतलाई सरकारमा ल्याउन प्रधानमन्त्रीले माओवादी केन्द्रका एकजना मन्त्रीलाई हटाउनुपर्ने छ ।उच्चस्रोतहरुका अनुसार माओवादी कोटाबाट संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बनेका सुदन किरातीलाई हटाएर सो मन्त्रालय जनमतलाई दिने 'मुड' प्रधानमन्त्रीले बनाएका छन् ।

मन्त्री किराती र बालुवाटारबीचको सम्बन्ध केहिदिन देखि चिसिएकोछ ।नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई स्पष्टिकरण सोधेपछि किरातीको पद नै धरापमा परेको छ ।

सरकार गठन हुँदा खानेपानी मन्त्रालय पाएको जनमतले अब्दुल खानलाई मन्त्री बनाएका थिए । जनमत पार्टीले कृषी मन्त्रालय पाउनुपर्ने मागगर्दै बारा जिल्लाको उपनिर्वाचन पूर्व सरकारबाट राजिनामा दिएका थिए । खानको त्यसपछि अश्लिल हर्कत गरेको भीडीयो समाजिक सञ्जालमा भाइरल भएको थियो ।

नेताहरुले मधेश र लुम्बिनी प्रदेश सरकारलाई चाँडो पूर्णता दिने पनि सहमति गरेका छन् । मधेश प्रदेशमा २ वटा मन्त्रालयमा मन्त्री छैनन् ।तर २ जना मन्त्री बिना बिभागिय रहेका छन् ।

स्रोतहरुका अनुसार जसपाबाट १ जना मन्त्री हटने र कांग्रेसबाट १ जना थपिने छन् ।सरकारले मन्त्रालय टुक्रयाएरपनि मन्त्री थप्ने संभावना रहेको छ ।माओवादी केन्द्र र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले मागेको थप १/१ मन्त्रालय नपाउने भएका छन् ।माओवादीकी यादव र लोसपाका पटेलले नै निरन्तरता पाउने छन् ।

# कोशी प्रदेशमा कांग्रेसका थापा मुख्यमन्त्री हुने

## सरकारलाई माओवादीले विश्वासको मत दिनेमा आशंका

**टुडे समाचारदाता**

काठमाण्डु । नामको विवादमा फसेको कोशी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा नियुक्त हुने भएका छन् ।

सत्ता गठबन्धनको सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'को सरकारी निवास बालुवाटारमा बसेको बैठकले कोशी प्रदेशमा नेपाली कांग्रेसका नेता उद्धव थापाको नेतृत्वमा सरकार बनाउने निर्णय गरेको छ ।

नेकपा एमाले संसदीय दलका नेता हिक्कमत बहादुर कार्कीले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न नसकेपछि पदमुक्त भएका थिए । प्रदेशसभामा जनता समाजवादी पार्टी(जसपा)का एकजना सभासद नै निर्णायक रहेका छन् ।

कोशी प्रदेशको मुख्यमन्त्रीमा माओवादी केन्द्रले पनि दाबी गरेका थिए । माओवादी यस अघि एमाले नेतृत्वको सरकारमा सहभागी रहेको थियो । जसपाकी सभासद पनि मन्त्री थिइन् । तर माओवादी र जसपाले समर्थन फिर्ता लिएर नयाँ सरकार गठबन्धनको तयारीमा लागेपछि कार्की नेतृत्वको सरकार ढलेको छ ।

सत्ता साझेदार दलको बैठकले कांग्रेसको नेतृत्वमा सरकार गठन गर्ने निर्णय गरे पनि माओवादीले विश्वासको मत दिनेमा आशंका गरिएको छ । मुख्यमन्त्री नपाएपछि माओवादी सभासदहरुले



राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)लाई सरकारमा सहभागी नगराइए सरकारले ३० दिन नकाट्ने चेतावनी दिएका छन् ।

९३ सदस्यीय कोशी प्रदेश सभामा कांग्रेसको २९, माओवादीको १३, नेकपा एसको ४ र जसपाको १ गरी ४७ जना सभासद सत्तागठबन्धनमा छन् । तर राप्रपाले समर्थन नगरे माओवादीका केही सभासद सरकारलाई विश्वासको मत दिने बेला अनुपस्थित हुन सक्ने संकेत गरिएको छ ।

तर कांग्रेस संसदीय दलका नेता थापाले संघीय गठबन्धनको निर्णय भइसकेकाले कुनै पनि दल बाहिर नजाने दाबी गरेका छन् । 'प्रदेश प्रमुखले २१ गते ५ बजे साँझसम्मको समय दिनुभएको छ' उनले भने, त्यो समय अगावै सरकार गठन हुनेछ ।

'कोशी प्रदेशमा कांग्रेस नेता उद्धव थापालाई मुख्यमन्त्री बनाउन सत्ता गठबन्धनका प्रदेश पार्टीलाई पत्र लेख्ने निर्णय भयो' बैठकमा सहभागी नेकपा एसका कार्यवाहक अध्यक्ष रहेका राजेन्द्र पाण्डले भने, 'आ-आफ्नो पार्टीको प्रदेश संसदीय दलको बैठकले निर्णय गरेर कांग्रेस नेता थापालाई मुख्यमन्त्री प्रस्ताव गर्नेछन् ।'

तर, थापाको कार्यकाल कति वर्ष हुने भन्ने विषयमा निर्णय भइ नसकेको उनले बताए । कोशीमा गत शुक्रबार एमाले नेता हिक्मतकुमार कार्कीले विश्वासको मत नपाएर पदमुक्त भएपछि आइतबार प्रदेश प्रमुख परशुराम खापुङ्ले सरकार गठनको आह्वान गरेका छन् ।

प्रदेशमा सरकार आलोपालो हुने



उद्धव थापा

> **सत्ता साझेदार दलको बैठकले कांग्रेसको नेतृत्वमा सरकार गठन गर्ने निर्णय गरे पनि माओवादीले विश्वासको मत दिनेमा आशंका गरिएको छ ।**

सहमति भए पनि थापाको समय निर्धारण भइसकेको छैन् । नेकपा माओवादी केन्द्रबीच कसले पहिले सरकारको नेतृत्व गर्ने भन्ने विवाद थियो ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवका अनुसार कोशी प्रदेशमा पहिलो चरणमा नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनाउन पहल गर्ने बैठकमा सहमति भएको छ ।

'अब कांग्रेसका नेताहरुले कुन-कुन पार्टीलाई समावेश गर्ने भनेर छलफल र गृहकार्य सुरु गर्नुहुनेछ 'उनले भने, गठबन्धन दलका नेताहरुले गरेकै निर्णय कोशी प्रदेशमा कार्यान्वयन हुनेछ । नयाँ बन्ने सरकारले कोशीको पहिचान र नामकरणको विषयमा कसरी डिल गर्छ, त्यही अनुसार जसपाले आफ्नो भूमिका खेल्ने यादवले प्रष्ट पारे ।

एमालेका मुख्यमन्त्री कार्कीले जसपाका सभासदलाई अझै फकाइरहेका छन् ।कोशी प्रदेशका इञ्चार्ज एमालेका सचिव रघुवीर महासेठ पनि यादवको सम्पर्कमा रहेका छन् । महासेठले आइतबार यादवलाई भेटेर समर्थनका लागि आग्रह गरेका थिए ।

कोशी प्रदेशमा पहिचान सहितको नाम राख्नुपर्ने माग गर्दै पहिचान पक्षधरहरु सडक आन्दोलनमा उत्रेका छन् । तर नाम परिवर्तनका लागि दुई तिहाइ बहुमत हुने सम्भावना अहिले निकै कमजोर रहेकोछ ।एमाले सबै भन्दा ठूला दल रहेकाले त्यसको समर्थन बिना नामसम्बन्धी निर्णय परिवर्तन हुन सक्दैन् । एमाले कोशी प्रदेश भन्दा फरक नामको पक्षमा रहेको छैन् ।

कार्की नेतृत्वको सरकार र आन्दोलनकारीबीच आन्दोलन रोकेर संवादबाट समाधान खोज्ने सहमति भएपछि पहिचान पक्षधरहरु मौन भएका छन् ।






## पराजित व्यक्ति पाँच वर्षसम्म उम्मेदवार हुन अयोग्य

# समानुपातिक प्रणालीमा २ पटक भन्दा बढी उम्मेदवार हुन नपाउने

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीबाट दुईपटक निर्वाचित भइसकेका व्यक्ति पुनः समानुपातिक प्रणालीबाटै उम्मेदवार हुन नसक्ने कानुनी प्रबन्धको प्रस्ताव गरेको छ।

आयोगको सोमबारको बैठकले यीलगायतका व्यवस्थासहित साविकको निर्वाचनसम्बन्धी कानुनमा परिमार्जन गरी 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' लाई गृह मन्त्रालयमार्फत संसद्मा पेस गर्ने निर्णय गरेको छ।

'समानुपातिक निर्वाचन प्रणालीबाट दुई पटक निर्वाचित भइसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने'' आयोगले विधेयकमा प्रस्ताव गरेको प्रावधानमा उल्लेख छ।

हालसम्म समानुपातिक प्रणालीमा उम्मेदवार हुनका लागि कुनै सीमा तोकिएको थिएन । जो जतिपटक पनि उम्मेदवार हुनका लागि बाधा व्यवधान थिएन ।

समानुपातिक प्रणालीमाको नाममा एउटै व्यक्तिले पटक-पटक अवसर पाउने अवस्थामा सुधारका लागि आयोगले यस्तो प्रस्ताव गरेको हो ।

**प्रत्यक्षतर्फ ३३ प्रतिशत महिला उम्मेदवार दिनैपर्ने**

निर्वाचन आयोगले नयाँ निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदामा प्रत्यक्षतर्फ पनि कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने प्रावधान राखेको छ। आयोगको सोमबारको बैठकले पारित गरेको निर्वाचन व्यवस्थापन विधेयकमा ' प्रतिनिधि सभा वा प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिँदा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने'' व्यवस्था राखेको हो ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आयोगले संसद्मा पेस गर्ने निर्णय गरेको विधेयकको मस्यौदामा प्रत्यक्षतर्फ कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने प्रावधान समावेश गरिएको जानकारी दिए।

यसअघि निर्वाचन ऐनले दलहरूले निर्वाचित सदस्यको ३३ प्रतिशत महिला हुनुपर्ने भनेको थियो । त्यस्तो व्यवस्थाकै कारण दलहरूले निर्वाचनमा प्रत्यक्षतर्फ महिलालाई उम्मेदवार नबनाउने र समानुपातिकबाट मात्रै महिलालाई प्रतिनिधित्व गराउने अभ्यास गर्दै आएका छन् ।

गत मंसिरमा भएको निर्वाचनमा महिला नेताहरूले प्रत्यक्षमा पनि महिलालाई ३३ प्रतिशत सिटमा उम्मेदवार बनाउनुपर्ने माग गरेका थिए ।

आयोगले नयाा विधेयकमा त्यस्तो मागबमोजिम प्रत्यक्षतर्फ पनि ३३ प्रतिशत सिटमा महिला उम्मेदवार दिनुपर्ने व्यवस्था राखेको हो । आयोगले स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष र प्रमुख वा उपप्रमुखमध्ये एउटा मात्रै पदमा उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनुपर्ने व्यवस्था गरेको छ। यसअघि स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष र प्रमुख वा उपप्रमुखमध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने भन्ने प्रावधान थियो । तर दलहरूले गठबन्धन गरेर एउटा मात्रै पदमा उम्मेदवारी दिँदा दुवै पदमा पुरुषको मात्रै उम्मेदवारी पर्ने स्थिति बनेको थियो ।

आयोगले नयाँ कानुनमा अब स्थानीय तहको प्रमुख वा उपप्रमुखमध्ये एक जना महिला हुनैपर्ने गरी व्यवस्था गर्न प्रस्ताव गरेको हो ।

निर्वाचन आयोगले तीन तहका कुनै पनि निर्वाचनमा उम्मेदवार भई पराजित भएका व्यक्ति सम्बन्धित क्षेत्रकै उपनिर्वाचनबाहेक त्यही पाँच वर्षे कार्यकालमा अन्यत्र र अन्य कुनै तहको चुनावमा उम्मेदवार हुन नपाउने कानुनी प्रबन्धको प्रस्ताव गरेको छ ।

यो व्यवस्था संसद्बाट पास भएमा संघ, प्रदेश र स्थानीय तहमध्ये एउटा तहको चुनावमा उम्मेदवार भएको व्यक्ति पराजित भएको अवस्थामा अर्को तहको चुनावमा उम्मेदवार बन्न जाने क्रम रोकिनेछ ।पाँच वर्षका लागि भएको चुनावमा पराजित भएको व्यक्ति त्यही कार्यकाल पूरा नहुँदा अर्को तहमा उठ्ने प्रवृत्ति मौलाइरहेको छ । यसलाई आयोगको यो प्रावधानले लगाम लगाउन सक्छ ।

'संघीय संसद्, प्रदेशसभा वा स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचनबाहेक त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने' आयोगले गरेको प्रस्ताव गरेको 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मा उल्लेख गरिएको छ ।

हाल यस्तो प्रावधान नहुँदा स्थानीय तहमा हारेको व्यक्ति प्रदेश र संघको चुनाव लड्ने र एक ठाँउमा पराजित व्यक्ति अर्को स्थानको उपनिर्वाचनमा चुनाव लड्न जाने गरेका थिए ।

आयोगको सोमबारको बैठकले विधेयक गृह मन्त्रालयमार्फत संसद् मा पेस गर्ने निर्णय गरेको छ ।आयोगले समानुपातिक निर्वाचन प्रणालीबारे पनि प्रस्ताव गरेको छ ।

'समानुपातिक निर्वाचन प्रणालीबाट दुई पटक निर्वाचित भइसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने' आयोगले विधेयकमा प्रस्ताव गरेको प्रावधानमा उल्लेख छ । हाल समानुपातिक प्रणालीमा उम्मेदवार हुनका लागि कुनै सीमा तोकिएको थिएन ।

जो जतिपटक पनि उम्मेदवार हुनका लागि बाधा व्यवधान थिएन । समानुपातिक प्रणालीमाको नाममा एउटै व्यक्तिले पटकपटक अवसर पाउने अवस्थामा सुधारका लागि आयोगले यस्तो प्रस्ताव गरेको हो ।

> ***आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आयोगले संसद्मा पेस गर्ने निर्णय गरेको विधेयकको मस्यौदामा प्रत्यक्षतर्फ कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने प्रावधान समावेश गरिएको जानकारी दिए। यसअघि निर्वाचन ऐनले दलहरूले निर्वाचित सदस्यको ३३ प्रतिशत महिला हुनुपर्ने भनेको थियो। त्यस्तो व्यवस्थाकै कारण दलहरूले निर्वाचनमा प्रत्यक्षतर्फ महिलालाई उम्मेदवार नबनाउने र समानुपातिकबाट मात्रै महिलालाई प्रतिनिधित्व गराउने अभ्यास गर्दै आएका छन्। गत मंसिरमा भएको निर्वाचनमा महिला नेताहरूले प्रत्यक्षमा पनि महिलालाई ३३ प्रतिशत सिटमा उम्मेदवार बनाउनुपर्ने माग गरेका थिए।***

# ज्वेलर्समा चोरी, दुई जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीमा दुई वटा ज्वेलर्समा चोरी गर्ने दुई जना पक्राउ परेको छ। बर्दिबास नगरपालिका १ हरी ज्वेलर्स सुन चाँदी पसल र वडा नम्बर १४ स्थित रहेको न्यू ओमसाई ज्वेलर्समा चोरी भएको छ।



यी दुबै ज्वेर्लसबाट चोरी गर्ने दुई जनालाई समानसहित पक्राउ गरिएको महोत्तरीका प्रहर्रा नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।उनका अनुसार रौतहट फतुवा विजयपुर नगरपालिका ११ का अर्जुन चौधरी र सोही ठाउँका २७ वर्षीय साविर देवानलाई बाराको निजगढ नगरपलिका ८ स्थित होटेल जंगल इनको दोस्रो तल्लाबाट पक्राउ गरेको थियो ।

यद्यपी सिसिटिभि फुटेजमा चार/पाँच जनाले चोरी गर्दै गरेको देखिन्छ। अन्य व्यक्तिहरुको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।उनीहरुले यही असार १० गते ती ज्वेलर्सबाट ३७ लाख ३६ हजार मूल्य बराबरको समान सटर फुटाई चोरी गरेका थिए। चोरी गरी बर्दिबास भोला चोकबाट पुर्व-पश्चिम लोकमार्ग हुँदै पश्चिमतर्फ भागेको थियो। प्रहरीले अनुसन्धान गर्दै जाँदा बीआर ०१ पीडी ८१५८ र बीआर ०१ पीडी ८१५ नम्बर प्लेटको सेतो रंगको बुलेरो रौतहट चन्द्रनिगाहपुरबाट बरामद गरेको थियो।

उनीहरुले चोरी गरेको सेफ भल्ट चोचा जंगलमा जमिणमुनी गाडेकाको थियो।

# घट्यो पेट्रोलियम पदार्थको मूल्य

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल आयल निगमले सोमबार राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगमले काठमाण्डु पोखरा र दीपायलमा पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर ५-५ रुपैयाँ मूल्य घटाएको छ। त्यस्तै तराईको हकमा प्रतिलिटर साढे ७ रुपैयाँ घटाएको भने सुर्खेत र दाङमा प्रतिलिटर ६ रुपैयाँ घटाएको निगमले जनाएको छ।

सोमबार साँझ बसेको निगम सञ्चालक समितिको बैठकले सो मूल्य घटाउने निर्णय गरेको हो।

यसपटक भने निगमले वैज्ञानिक प्रणालीबाट मूल्य निर्धारण गरेको निगमका प्रवक्ता मनोज ठाकुरले बताए।

अब काठमाण्डु पोखरा र दीपालयमा पेट्रोलको उपभोक्ता मूल्य प्रतिलिटर १७० रुपैयाँ पर्नेछ भने डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १५०/१५० रुपैयाँ पर्नेछ । त्यस्तै तराईमा पेट्रोलको उपभोक्ता मूल्य प्रतिलिटर १६७.५ रुपैयाँ पर्नेछ भने डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १४७.५/१४७.५ रुपैयाँ पर्नेछ।

सुर्खेतको र दाङमा भने पेट्रोलको उपभोक्ता मूल्य प्रतिलिटर १६९ रुपैयाँ पर्नेछ भने डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १४९/१४९ रुपैयाँ पर्नेछ।

निगमले खाना पकाउने एलपी ग्यासको मूल्य भने हाललाई यथावत् राखेको छ।

त्यस्तै हवाई इन्धनको मूल्य पनि घटेको छ। आन्तरिक हवाई इन्धनको मूल्य प्रतिलिटर १४ रुपैयाँ तथा वाह्य इन्धनको मूल्य १५ रुपैयाँले घटेको छ।

# नविन प्रविधिको अभ्यासमा विशेष ध्यान दिनुपर्छ : कृष्णबहादुर महरा

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष कृष्णबहादुर महराले इन्टरनेटको विकास र प्रयोग बढेसँगै टेलिकम कम्पनीहरूको व्यापार कम हुँदै जाने भएकाले नविन प्रविधिको अभ्यासमा विशेष ध्यान दिनुपर्ने बताउनुभएको छ।

सोमबार यहाँ आयोजित 'दूरसञ्चार विकास' विषयक कार्यक्रममा माओवादी केन्द्रका प्रवक्ता एवं पूर्व सञ्चार तथा सूचनाप्रविधिमन्त्री महराले इन्टरनेटको प्रयोग बढेसँगै विध्यमान 'टेलिकम्युनिकेशन' क्षेत्र साँघुरिने तर्क गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले दूरसञ्चारमा क्रान्ति गर्यौं। तर अहिलेसम्म आइपुग्दा टेलिकम कम्पनीहरूको भविष्य त्यति राम्रो देखिँदैन । त्यसैले सञ्चारका नयाँ प्रविधिमा प्रविधिलाई अपनाउनुको विकल्प छैन।" हरेक वर्ष प्रविधिमा परिवर्तन आउने भएकाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सोहीअनुसार नयाँ नीति बनाउनुपर्ने उहाँको सुझाव थियो। नेता महराले भन्नुभयो, "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय संवेदनशील छ। बदलिदो प्रविधि र अभ्याससँगै नीतिमा पनि अपग्रेड हुनुपर्छ ।" उहाँले सेवालाई सहर केन्द्रित मात्र नगराएर ग्रामीण दूरसञ्चार क्षेत्रमा सेवा विस्तार गर्न सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले दूरसञ्चार सेवा शूल्क महँगो हुनु सेवा प्रदायकको बाध्यता भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सेवा शुल्क महँगो छ । प्रत्यक्ष कर मात्रै ३२ प्रतिशत र अप्रत्यक्ष कर जोड्दा ४२ प्रतिशत हुन्छ । अर्कोतर्फ आवश्यक सबै उपकरण विदेशबाट ल्याउनुपर्ने बाध्यता छ।"

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडीले भन्नुभयो, "अहिले सरकारको लक्ष्यअनुसार सात सय ३९ वटा स्थानीय तहमा फोर जी सेवा पुगेको छ।

बाँकी १४ स्थानीय तहमा भौगोलिक विकटताका पुर्याउन सकिएको छैन। यही वर्षभित्रमा ती क्षेत्रमा पनि फोर जी पुर्याउने छौं।"

कार्यक्रममा उपस्थित निजी सेवा प्रदायक संस्थाहरूले सरकारसँगको सहकार्यमा डिजिटल नेपालको फ्रेमवर्कका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। रासस

> ***नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले दूरसञ्चार सेवा शूल्क महँगो हुनु सेवा प्रदायकको बाध्यता भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सेवा शुल्क महँगो छ। प्रत्यक्ष कर मात्रै ३२ प्रतिशत र अप्रत्यक्ष कर जोड्दा ४२ प्रतिशत हुन्छ।***

# महासंघ र परिसंघले आर्थिक मुद्दामा सहकार्य गर्ने



काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल उद्योग परिसङ्घबीच निजी क्षेत्रको हकहित र आर्थिक विकासका लागि सहकार्य गर्ने विषयमा छलफल भएको छ । महासङ्घले आज परिसङ्घका नवनिर्वाचित पदाधिकारी र कार्यकारी समितिलाई बधाई एवं शुभकामना प्रदान गर्न आयोजना गरेको कार्यक्रममा दुवै संस्थाका नेतृत्वले सहकार्यमा जोड दिनुभएको हो।

महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले परिसङ्घका नवनिर्वाचित अध्यक्ष राजेशकुमार अग्रवाललाई बधाई दिँदै मुलुकको अर्थतन्त्र विषम परिस्थितिमा रहेकाले दुई संस्थाबीच सहकार्य आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले विगतमा पनि सहकार्य गरेर सुखद् नतिजा ल्याउन सफल भएका थियौं र अब पनि यसलाई निरन्तरता दिनुपर्छ ।" अध्यक्ष ढकालका अनुसार महासङ्घ, परिसङ्घ र नेपाल चेम्बर अफ कमर्शले बिहीबार संयुक्त रूपमा आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा सुझाव पेश गर्दैछ। यसले आर्थिक क्षेत्रमा सकारात्मक सन्देश दिनेछ।

यसैगरी परिसङ्घका अध्यक्ष अग्रवालले नीतिगत पैरवीका लागि दुवै संस्थाबीच सहकार्य आवश्यक रहेको बताउनुभयो । महासङ्घको स्वागतका लागि धन्यवाद व्यक्त गर्दै उहाँले भन्नुभयो, "हामीले सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्छ ।" परिसङ्घको यही असार ९ गते अध्यक्ष अग्रवालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको थियो।

सोमबारको छलफलमा परिसङ्घ र महासङ्घका पदाधिकारी एवं कार्यकारिणी समिति सदस्यहरूको सहभागिता थियो। रासस

# वर्षायाममा खाद्यान्न अभाव नहुने

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यस वर्षको वर्षायाममा कहीँ कतै खाद्यान्न अभाव नहुने जनाएको छ। देशभरको गोदाममा खाद्यान्न मौज्दात रहेको, थप खाद्यान्न खरिद र ढुवानी प्रक्रिया जारी रहेको मन्त्रालयले जनाएको छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीका अनुसार हाल काठमाडौं उपत्यका तथा तराईका जिल्लामा ३६ हजार तीन सय ५६ क्विन्टल खाद्यान्न मौज्दात छ । अतिदुर्गम तथा दुर्गम जिल्लामा २५ हजार पाँच सय पाँच क्विन्टल खाद्यान्न मौज्दात रहेको कम्पनीले जनाएको छ।

प्रतिस्पर्धाको माध्यमबाट खुला बजारबाट थप खाद्यान्न खरिद भइरहेको र थप चामल खरिदका लागि बोलपत्र आह्वान गर्ने प्रक्रिया पनि जारी रहेको छ। हाल २६ हजार तीन सय ७५ क्विन्टल धान मौज्दात छ।

भारतबाट आयात कोटाअन्तर्गत साल्ट ट्रेडिङमार्फत ३४ हजार तीन सय २० क्विन्टल गहुँ तत्काल प्राप्त हुनेछ । कम्पनीसँग कूल दुई लाख ६६ हजार तीन सय क्विन्टल खाद्यान्न मौज्दात रहनेछ। हाल खुला बजारबाट प्रतिस्पर्धाका माध्यमबाट सम्झौता भएको ८९ हजार एक सय क्विन्टल खाद्यान्न कम्पनीको गोदाममा आइरहेको र भारतबाट आयात हुने खाद्यान्न पनि लोड भइसकेको जनाइएको छ।

चालु आर्थिक वर्षको असार १२ गतेसम्म दुर्गमका जिल्लामा १७ हजार आठ सय ३० मेट्रिक टन खाद्यान्न ढुवानी भएको छ । बढी खाद्यान्न समस्या देखिएको हुम्लामा चार हजार क्विन्टल कोटा थप गरी हवाइमार्गबाट दैनिक ढुवानी भई वितरण भइरहेको छ।

बझाङमा पनि एक हजार क्विन्टल कोटा थप गरिएको छ । पूर्वी जिल्लामा पनि पर्याप्त खाद्यान्न मौज्दात रहेको कम्पनीले स्पष्ट पारेको छ । पालिकास्तरमा भने खाद्यान्न सञ्चिति गर्ने गोदाम नभएकाले आवश्यक मात्रामा बिक्री केन्द्रमा खाद्यान्न ढुवानी गरेर वितरण भइरहेको कम्पनीले जनाएको छ।

चालु आर्थिक वर्षमा हालसम्म पालिकास्तरबाट माग भएका स्थानमा ४७ हजार तीन सय ३४ क्विन्टल चामल वितरण भइसकेको छ । कतिपय स्थानमा भने माग नै नभएकाले आपूर्ति नगरिएको कम्पनीले जनाएको छ। रासस

**माइग्रेशन हरायो**

घरबाट जनकपुरधाम जानेक्रममा मेरो निम्न व्यहोरा भएको निम्न अनुसारको कक्षा १२ को माइग्रेशन मिति २०८०/०१/१२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगाना अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : रिना कुमारी मुखिया**
**ठेगाना : जि.ध.कमला नगरपालिका-२**
**रजिष्ट्रेशन नं. ७५१७५४०७७**
**सिम्बोल नं. : २१७०४११६**
**सम्पर्क नं. : ९८४४५९२२६४**

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : अवसर प्राप्त। |
| बृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : शिक्षामा उन्नति। |
| कूम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा सोमबार बिहानै कवाडी समान खोज्न हिँडेका बालबालिकाहरूको समूह। *तस्बिरः रासस*

# बालबालिकालाई सम्मान

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको ईश्वरपुर नगरपालिका-१२ कालिन्जोरमा रहेको नेपाल राष्ट्रिय जनता माध्यमिक विद्यालय बद्रीपुर घारीमा नियमित विद्यालय आउने १० जना बालबालिकालाई सम्मान गरिएको छ।

स्थानीय संघर्ष बाल क्लबले कक्षा १ देखि ५ सम्म नियमित विद्यालय उपस्थित हुने १० जना बालबालिकालाई सम्मान गरेको छ। ती बालबालिकालाई शैक्षिक सामग्री र उनीहरुका अभिभावकलाई अविर लगाएर सम्मान गरिएको बाल क्लबले जनाएको छ।



क्लबकी अध्यक्ष दिलमाया स्याङतानको अध्यक्षता तथा कालिन्जोरका वडाध्यक्ष देवीबहादुर खत्रीको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा वडा सदस्य महेश बराल, शिक्षकलगायत भएर सम्मान गरेका छन्।

प्रत्येक बालबालिकालाई नियमित विद्यालय आउन प्रोत्साहन होस् र को धैरै दिन विद्यालयमा आउने भनी प्रतिस्पर्धा नै चलोस् भन्ने उद्देश्यले सबैभन्दा बढी दिन विद्यालय आउने १० जना बालबालिका छानेर सम्मान गरिएको छ।

ग्रामीण नारी उत्थान संघले सम्मानित बालबालिकालाई शैक्षिक सागम्री प्रदान गर्न आर्थिक सहयोग गरेको संस्थाकी सामाजिक परिचालक विन्दा लुंगेलीले जानकारी दिइन्।

# विद्यालयलाई सामग्री

**रञ्जन यादव**

कलैया । बाराको सिमरा स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयलाई विज्ञान प्रयोगशालाको लागि आवश्यक सामग्री सूर्य नेपालले सहयोग गरेको छ।

प्रयोगशालाको सामग्री व्यवस्थापनको लागि १६ लाख ५० हजार रुपैंयाको सामग्री सूर्य नेपालले सहयोग गरेको छ।

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.२ मा रहेको उक्त विद्यालयमा सूर्य नेपालद्धारा खरिद गरिएको विज्ञान प्रयोगशालाको सामग्री हस्तान्तरण गरेको छ।




विद्यालयमा सूर्य नेपालको सहयोगमा 'केमेस्ट्र ल्याव' नयाँ स्थापना गरिएको छ भने अन्य शाखाको स्तर उन्नती गरी सामग्री थप गरिएको छ।

विद्यालयले आयोजना गरेको सामग्री हस्तान्तरण कार्यक्रममा कम्पनीका सिमरा काराखाना प्रमुख सुरेशकाजी श्रेष्ठले विद्यालयलाई उक्त सामग्री हस्तान्तरण गरेका थिए।

# एसइई नतिजा प्रकाशन अन्तिम तयारीमा

काठमाण्डु । राष्ट्रिय परीक्षा बोर्डले शैक्षिक सत्र २०७९ मा सञ्चालित माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा सार्वजनिक गर्ने अन्तिम तयारी सुरु गरेको छ। नतिजा प्रकाशनका लागि उत्तरपुस्तिकका परीक्षण, सम्परीक्षण, रुजु गर्ने काम सकेर हाल नतिजा कम्प्युटरमा प्रविष्ट गर्ने काम भइरहेको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिनुभयो।

"असारको तेस्रो साताभित्र नतिजा प्रकाशन गर्ने कार्यतालिका अनुसार काम भइरहेको छ", उहाँले भन्नुभयो, "उत्तरपुस्तिका परीक्षणको काम सकिए पनि प्राविधिक काम बाँकी छ।" हतारमा नतिजा प्रकाशित गर्दा धेरै त्रुटी हुने सम्भावना भएकाले सकेसम्म त्रुटी नहुने गरी गरी नतिजा प्रकाशन गरिने उहाँको भनाइ छ। "जटिल प्राविधिक समस्या नआए असार २१ गतेभित्र नतिजा सार्वजनिक गर्छौं", उहाँले भन्नुभयो। परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले पनि परीक्षाफल असार तेस्रो साताभित्रै सार्वजनिक गर्ने गरी काम भइरहेको बताउनुभयो।

एसईई परीक्षा गत चैत १७ गतेदेखि सुरु भएको थियो। परीक्षामा देशभरका दुई हजार ३७ परीक्षाकेन्द्रमा सामुदायिक र निजी विद्यालयका गरी १२ हजार ८३ विद्यालयका चार लाख ८५ हजार तीन सय ९६ विद्यार्थी सहभागी थिए। जसमा छात्रा दुई लाख ४२ हजार सात सय १२ र छात्र दुई लाख ४२ हजार छ सय ७४ जना थिए। कक्षा ९ देखि प्राविधिक धारसमेत पठनपाठन गराउँदै आएका विद्यालयबाट १५ हजार चार सय ६१ जना परीक्षार्थी एसइईमा सहभागी भएका थिए। परीक्षा नियन्त्रणका कार्यालयले जिल्ला सदरमुकाममा केन्द्र तोकेर उत्तर पुस्तिका परीक्षण गराएको थियो।




### नतिजा पद्धतिमा अन्योल

एसइई नतिजा प्रकाशन लेटर ग्रेडिङ निर्देशिका, २०७२ बाट गर्ने कि २०७८ अनुसार गर्ने भन्नेबारेमा अझै टुङ्गो लागेको छैन। निजी विद्यालयको छाता संस्था एन प्याब्सन भक्तपुरका अध्यक्ष सञ्जय खड्काले नतिजा प्रकाशन पुरानै लेटर ग्रेडिङ निर्देशिकाबाट गर्ने कि २०७८ को नयाँ पद्धतिबाट गर्ने विषयमा टुङ्गो नलाग्दा अन्योल भएको बताउनुभयो।

बोर्डले गतवर्ष लेटर ग्रेडिङ निर्देशिका २०७८ कार्यविधि लागू गरेपनि नतिजा भने २०७२ को पद्धति अनुसार नै गरेको थियो। "पुरानो पाठ्यक्रमबाट एसइई दिने अन्तिम ब्याच भएकाले पुरानो निर्देशिका (२०७२) अनुसार नै नतिजा प्रकाशन हुनुपर्ने हाम्रो माग छ", अध्यक्ष खड्काले भन्नुभयो, "नयाँ निर्देशिका २०७८ अनुसार नतिजा प्रकाशित भए अनुत्तीर्ण हुने विद्यार्थीको भविष्य अन्योल बन्छ।" आगामी वर्षको नयाँ पाठ्यक्रममा आधारित भइ प्रश्नपत्र आउने र यसले पुराना पाठ्यक्रम अध्ययन गर्ने विद्यार्थीलाई निकै मर्का पर्न उहाँको भनाइ छ।

विसं २०७२ मा सैद्धान्तिक र प्रयोगात्मकको अङ्क जोडेर ३५ प्रतिशत अङ्क ल्याए पनि विद्यार्थी उत्तीर्ण हुने व्यवस्था थियो। विसं २०७२ को पद्धतिअनुसार नतिजा प्रकाशित भए ९० देखि १०० ल्याउनेलाई 'ए' प्लस, ८० देखि ९० भन्दा कम ल्याउनेलाई 'ए', ७० देखि ८० भन्दा कम ल्याउनेलाई 'बी प्लस', ६० देखि ७० भन्दा कम ल्याउनेलाई 'बी', ५० देखि ६० भन्दा कम ल्याउनेलाई 'सी प्लस', ४० देखि ५० भन्दा कम ल्याउनेलाई 'सी', ३० देखि ४० भन्दा कम ल्याउनेलाई 'डी प्लस', २० देखि ३० भन्दा कम ल्याउनेलाई 'डी' र २० भन्दा कम ल्याउनेलाई 'ई' ग्रेड प्रदान गर्ने व्यवस्था छ।

नयाँ निर्देशिका २०७८ अनुसार सैद्धान्तिक विषयमा विद्यार्थीले अनिवार्य ३५ प्रतिशत अङ्क ल्याउनुपर्ने व्यवस्था छ। नयाँ पद्धतिअनुसार सबै विषयमा ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउनेलाई 'नन ग्रेडेड'मा राख्ने व्यवस्था छ। दुई विषयसम्म नन ग्रेडिङमा परे तत्कालै ग्रेडवृद्धि परीक्षा दिन पाइने व्यवस्था छ भने त्यसभन्दा धेरै विषयमा नन ग्रेडिङमा परे अर्को वर्ष ती विषयको परीक्षा दिन पाइने व्यवस्था गरिएको छ। यसअघि दुईभन्दा धेरै विषयमा ननग्रेडिङ आए सबै विषयको परीक्षा दिनुपर्ने बाध्यता थियो।

एसइईको नतिजा कुन पद्धतिमा गर्नेभन्ने विषयमा निर्णय गर्न राष्ट्रिय परीक्षा बोर्डको बैठक सोमबार बस्ने भएको छ। बोर्डका अध्यक्ष डा शर्माले भन्नुभयो, "एसइईको नतिजा कुन पद्धतिमा हुन्छ भनेर अन्योलमा पर्नुपर्ने अवस्था छैन, यसबारेमा निर्णय लिन सोमबार बोर्ड बैठक बस्दैछ, सम्भवतः सोमबारकै बैठकले यसबारेमा निर्णय लिनेछ।" रासस

**आवश्यकता**

**रौनियार सेवा समिति जनकपुरधाम जातिय संस्थालाई फुल टाईम मेनेजरको आवश्यकता छ।**

**नोट** : तलब आपसी छलफलमा

**सम्पर्क :-**

९८४४२७६११०, ९८५४०२०७९१, ९८५४०२७११६

# सिटिजन्स बैंक र होटल ठमेलबीच सम्झौता

**टुडे समाचारदाता**

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र होटल ठमेल हाउसबीच सम्झौता भएको छ।

सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।

उक्त समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरुले होटल ठमेल हाउसमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ।

डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८५ वटा शाखा, ३ वटा विस्तारित काउण्टर, १४१ वटा एटिएम, ६ वटा कियोस्क सेवा र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट करीब १६ लाख ग्राहकलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# चट्याङ लागेर एकको मृत्यु

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको खडग नगरपालिकामा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा खडग नगरपालिका १० वेल्हाका ४७ वर्षीय उमाकान्त साह रहेको प्रहरीले जनाएको छ। आफ्नो खेतमा काम गरिरहेका बेला वर्षासँगै चट्याङ पर्दा घाइते भएका साहलाई उपचारका लागि गजेन्द्र नारायण अस्पताल राजविराज ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका छन्।

# चुरे संरक्षणमा शान्ति समाजको जोड

काठमाण्डु । मानव अधिकार तथा शान्ति समाज केन्द्रीय कार्य समिति बैठकले चुरे संरक्षण गर्नुपर्नेमा जोड दिएको छ। यही असार १६ र १७ गते काठमाण्डुमा सम्पन्न समाजको १५६औं केन्द्रीय कार्यसमिति बैठकले 'चुरे ध्वस्त पार्न पाइँदैन : मरुभूमिकरण गर्ने नीति चाहिँदैन' भन्ने मूल नारासहित पर्सामा समाजको २६औं राष्ट्रिय परिषद् बैठक राख्ने निर्णय गरेको महासचिव रेनुका पौडेलले सोमबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

बैठकअघि उक्त समाजका संस्थापक सभापति कृष्ण पहाडीले सङ्क्रमणकालीन न्याय प्रक्रिया र ठूला भ्रष्टाचारका घटनामा मुख्य दोषीलाई कारबाही नहुँदा नागरिकमा बढ्दो आक्रोशका साथै सरकार, सदन एवं सडकमा भएका गतिविधिबारे चर्चा गर्नुभएको थियो। बैठक अघि सुन्दरीजलस्थित बिपी सङ्ग्रहालय र जगडोलस्थित राष्ट्रिय सहिद तथा शान्ति पार्कमा वृक्षरोपण गरिएको थियो।

एक दर्जन निर्णय गर्दै सम्पन्न बैठकमा समाजका कार्यबाहक सभापति कृष्णबहादुर रावलले अभियानका सम्बन्धमा, महासचिव पौडेलले सङ्गठन र कोषाध्यक्ष किरण ढकालले अर्थ सम्बन्धमा प्रारुप पत्र प्रस्तुत गर्नुभएको थियो। बैठकले उक्त संस्थाको केन्द्रीय कार्यालयमा कार्यरत कार्यक्रम अधिकृत सरिता पौडेललाई उपनिर्देशकमा र जनकप्रसाद भण्डारीलाई कार्यक्रम सहायकमा पदोन्नति गर्ने निर्णय गरेको थियो। रासस

**मधेश स्वास्थय विज्ञान प्रतिष्ठान**
**मधेश प्रदेश, जनकपुरधाम, धनुषा**

**संशोधन सम्बन्धी सूचना**

यस प्रतिष्ठानको मिति २०८०।०२।१९ गते (०२।०६।२०२३) मा प्रकाशित सूचनामा निम्नानुसार हुनुपर्नेमा अन्यथा हुन गएकोले संशोधित गरिएको व्यहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस सब सम्बन्धी विशेष जानकारी PPMO को वेभसाइट www.bolpatra.gov.np मा बाट प्राप्त गर्न सकिनेछ।

1. Plain Cement Concrete (RCC frame structure building with basement work contract within the last ten (10) years, with a value of at least NRs. 7,80,00,000.00 with (VAT). That have been successfully completed.
2. RCC M25 and M30 - 800.00 cum/year.
3. Reinforcement steel - 120.00 MT/year.

**"व्यवस्थित जलाधार, समृद्धिको आधार" भन्ने नारालाई सार्थक तुल्याउन नदी प्रणालीमा आधारित नदी तथा खहरे नियन्त्रण, पहिरो तथा भू-क्षय नियन्त्रणको लागि विभिन्न सरोकारवालाहरुसंगको समन्वय र सहकार्यमा जलाधार व्यवस्थापन। स्थानीय श्रोत साधन र जैविका अभियान्त्रिक (Bio-engineering) विधिको प्रयोगबाट कम खर्चिलो भू-संरक्षण प्रविधि मार्फत जलाधार व्यवस्थापन नीतिमा सहयोग गरौं।**

मधेश सरकार
मधेश प्रदेश
**उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय**
जनकपुरधाम, धनुषा

**मुखियापट्टी मुसहरनिया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तुल्सीयाही जब्दी, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**करार सेवामा पदपुर्ति सम्बन्धी सूचना**

**(प्रथमपटक प्रकाशित मितिः२०८०/३/१८ गते)**

लोक सेवा आयोगले सञ्चालन गरेको सहायक प्रहरी निरीक्षक र प्रहरी जवान (जनपद) पदमा प्रतियोगितात्मक परीक्षामा वैकल्पिक सूचीमा परेका उम्मेदवारहरूलाई सूचना दिई प्राप्त दरखास्तहरूलाई योग्यताक्रम वा अन्तरवार्ता वा दुवै माध्यमबाट गाउँपालिकाको नगर प्रहरी पदमा पदपुर्ति गर्ने निर्णय गाउँ कार्यपालिकाको बैठकबाट भएकोले लोक सेवा आयोगको नतिजामा प्रहरी जवान (जनपद) र सहायक प्रहरी निरीक्षक पदमा वैकल्पिक सूचीमा परेका उम्मेदवारहरुलाई दरखास्त दिनका लागि यो विज्ञापन प्रकाशित गरिएको छ।

**तपशिल**


| क्र.स. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | २५/२०७९-०८० | नगर प्रहरी सहायक निरिक्षक | १(एक) |
| २ | २६/२०७९-०८० | नगर प्रहरी जवान | ८(आठ) |
| ३ | २७/२०७९-०८० | नगर प्रहरी जवान(महिला) | २(दुई) |

**न्युनतम योग्यता र आवश्यक कागताहरूः-**

१. **छनौट प्रक्रियाः** हालसम्म लोक सेवा आयोगले विभिन्न मितिमा देशै भरीका लागि प्रकाशित गरेका परीक्षामा वैकल्पिक सूचीमा परेका उम्मेदवारहरूलाई योग्यताक्रम तथा अन्तरवार्ता आधारमा छनौट गरिनेछ।
२. **दरखात दिने स्थानः** मुखियापट्टी मुसहरनिया गाउँकार्यपालिकाको कार्यालय, तुलसियाही जब्दी ,धनुषा। (कार्यालय समयभित्र) तथा इमेल ठेगानाः mmrmmun@gmail.com मा समेत आवेदन पठाउन सकिनेछ।
३. **दरखात दिने अन्तिम मिति** : २०८०/३/२५ (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयमा दरखास्त बुझाउन सकिनेछ।)
४. **आवेदन तथा संलग्न गर्नुपर्ने कागजातहरूः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरूः
   १. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
   २. लोक सेवा आयोगले जारी गरेको प्रवेश पत्र
   ३. वैकल्पिक सूचीमा परेका योग्यताक्रमको प्रतिलिपी
   ४. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र
   ५. दुई प्रति पासपोर्ट साइजको फोटो
   ६. चारित्रिक प्रमाण पत्र
५. **सेवासुविधाः** तलब भत्ता नेपाल प्रहरी सरह हुनेछ।
६. **कार्यक्षेत्रः** यस मुखियापट्टी मुसहरनिया गाउँपालिका क्षेत्र।

**नोट**:- आवेदनको ढाँचा यस कार्यालयको वेवसाइट www.mukhiyapattimusaharmiyamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।यस सम्बन्धी थप कुरो बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। सम्पर्कः९८१७८९९९७३

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अझ कडा कानुन बनाउ

मधेशमा महिलामाथि हुने घरेलु हिंसाहरु मध्ये सबै भन्दा क्रुर दाइजो र बोक्सीको विषय हो । दाइजो सम्बन्धी अधिकांश घटनामा महिलाको ज्यान गएको देखिन्छ । दाइजो नपाउँदा परिवारका सदस्यहरु मात्र नभइ पति समेत राक्षसको अवतार धारण गर्छन् । उनीरु मिलेर महिलालाई पहिले चरम यातना दिन्छन् । त्यसबाट पनि सन्तुष्ट नभए सम्बन्ध बिच्छेदको प्रक्रियामा जान्छन् । तर पनि सन्तुष्टि नहुँदा महिलाको क्रुरतापूर्वक हत्या गरिन्छ । पछिल्लो पटक रौतहट जिल्लाको मौलापुर नगरपालिकाको वडा नम्बर ४ पतौरामा दाइजोका लागि २ वर्षीया अवोध छोरी र २४ वर्षीया पत्नीको क्रुरतापूर्वक हत्या गरिएको छ । हत्यामा मृतक कविता देवी साहका पति र आरुही साहका पिता संलग्न रहेको प्रहरी अनुसन्धानबाट देखिएको छ । मृतकका सासु र जेठानीलाई प्रहरीले अनुसन्धानको क्रममा नियन्त्रणमा लिएको छ । पति र ससुरा फरार छन् । मृतकका पिता विजयशंकर साहले दाइजोका कारण छोरी र नातिनीको हत्या गरिएको आरोप लगाएका छन् । प्रहरी अनुसन्धानमा जुटेको छ । पक्राउ परेका दुई जना महिला पनि घटना हुँदा घरमै रहेकाले धैरै कुरा बताउने छन् । घटनाको लगतै पति र ससुरा फरार भएको प्रहरी अनुसन्धानबाट देखिएको छ । रौतहट जिल्लाकै माधवनारायण नगरपालिकामा मृतक महिला कविता देवीको माइती छ । स्थानीय वासिन्दाहरुले खबर गरेपछि कविताका पिता घटनास्थलमा पुगेका थिए । मौलापुर नगरपालिकाले पतौरामा हरेक वर्ष अश्लील नृत्य र तामझाममा करोडको हाराहारीमा खर्च गर्छ । मौलापुर नगरपालिकाकी मेयर रिता साह सांसद प्रभु साहकी पत्नी हुन् ।उनी दोस्रो कार्यकालका लागि पनि मेयरमा निर्वाचित भएकी छन् । पतौरालाई पर्यटकीय क्षेत्र बनाउने नाममा साह दम्पत्तिले पालिकाको रकमलाई चरम दुरुपयोग गरिरहेका छन् । हरेक वर्ष मेला आयोजना हुने, राष्ट्रपति र प्रधानमन्त्री पुग्ने वडामा दाइजोका लागि आमा र छोरीको हत्या हुनु मेयर, उनका श्रीमान् र नगरपालिकाका लागि समेत कलंक हो । महिला मेयर रहेकै पालिकामा पनि दाइजोका लागि महिलाको हत्या हुनु भन्दा दूर्भाग्यिपूर्ण अन्य कुनै घटना हुन सक्दैन् । करोड खर्चेर भोजपुरी स्टार नचाउने पतौरामा दाइजो जस्ता विकृति र त्यसको परिणाम कविता र उनकी छोरीको हत्या भएको छ । स्टार नचाएर समाजमा परिवर्तन आउन सक्दैन् । केही घण्टा ऐयाशी बाहेक स्टारको नाचबाट उपलब्धि हुँदैन् । त्यो नाच हेर्न जाने पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र निवर्तमान राष्ट्रपति विद्या देवी भण्डारीले समेत सोँच्नुपर्ने भएको छ । सामाजिक विकृति चरममा रहेको स्थानमा ऐयाशीमा लाखौं रुपैयाँ खर्च गर्ने भन्दा समाजमा चेतना अभिवृद्धि गर्न लगानी गर्नु उपयुक्त हुने सुझाव उनीहरुले दिनुपर्छ । दाइजो सम्बन्धी देशमा कडा कानुन छ । तर त्यसमा अझै संशोधन गरी दाइजोका कारण हत्या गर्नेको सम्पत्ति पनि राज्यले जफ्त गर्नुपर्छ । सर्वस्वसहित जन्मकैदको सजायको व्यवस्था गर्नुपर्ने आवश्यक छ । पतौराको घटनामा संलग्नहरुलाई तत्काल पक्राउ गरी मृतक आमा र छोरीलाई न्याय दिनुपर्छ ।

# असारे लूटमाथि नियन्त्रणको खाँचो



श्रीमन नारायण

नेपालमा सरकारी कर्मचारी र जन निर्वाचित प्रतिनिधीहरु सर्वाधिक रुपमा सक्रिय हुने महिना भनेको असार नै हो । असार महिनामा गाँउपालिका र नगरपालिका कार्यालयहरुमा साउन महिनामा शिव मन्दिरमा भिड लागे जस्तो मान्छेको भिड सहज रुपमा हेर्न सकिन्छ । उपभोक्ताश समितिका पदाधिकारीको भिड, सांसदहरु प्रादेसिक र संघीय सांसदका स्वरकिय सचिव र कार्यकर्ताहरुको भिड तथा मन्त्रीका मान्छेको भिडका अतिरिक्तं स्थादनिय प्रमुखका पारिवारिक सदस्य, नातेदार सहयोगी र लठैतहरुको भिड पनि हुने गर्दछ। केही पत्रकारहरु पनि यसमा सहभागी रहेका हुन्छन् । कार्यालयमा सर्वाधिक खोजी गरिने कर्मचारीमा योजना, लेखा र कार्यकारी प्रमुख अधिकृत आउछन् । ३ण देखि द्दण प्रतिशत सम्म र एनजीओको काममा त छण प्रतिशत सम्म कमिशन दिनुपर्ने हुन्छ । अहिले त कार्य सम्झौता गर्नु भन्दा अघि अथवा सोही दिन नै कमिशन दिनु पर्ने अवस्था अथवा व्यवस्थामा रहेको छ । कतिपय विकास काम त कागज मै सकाईएका हुन्छन् । असारमा आर्थिक वर्षको वजेट सकाउनु पर्ने र नयाँ बजेटको लागी परिषद गर्नु पर्ने र योजना तर्जुमा गर्ने चुनौती रहेको हुन्छ । असार महिनामा हुने विकास निर्माणका कार्यमा टण प्रतिशत सम्म भ्रष्टचार भएको हुन्छ । असारे विकास भनेको बालुवामा पानी हाल्नु हो। आम जनताको जनजिवनमा यसवाट परिवर्तन आउने सपना नदेखे हुन्छ । स्थानिय विकासहरुसित छ वर्षको निम्ति लगातार सन्चालन गरिरहने कुनै योजना नै हुदैन । संघीय सरकारले बजेट पठायो तर खर्च कहाँ किन र कसरी गर्ने ? भन्नी आवश्यक निर्देशन नै हुदैन स्थानीय तह माथि कसैको कुनै अंकुश नै छैन । असार महिना भनेको बजेट सिद्धयाउने महिना हो सरकारी कार्यालयहरुमा सबैभन्दा बढी अनियमितता हुने महिना पनि यही नै हो ।

गाँउपालिका, नगरपालिका अन्तरगत हुने गरेका सबै खालका कामको भुक्ता नी दिने महिना पनि यही नै हो । यस प्रणालीमा सुधारको खाँचो छ। यस महिनामा नै बजेट पनि पास गर्ने पर्ने चुनौती रहन्छ । केन्द्र सरकारले यस मामिलामा अलि कठोरता अपनाएको छ । केन्द्र सरकारले स्वंयले जेठ ३छ गते भित्र बजेट पेश गर्ने नियमको पालना गर्दै आएको छ। संघीय सरकारवाट अनुदान प्राप्त गरिरहेको प्रादेसिक र स्थानीय तहलाई पनि समयमै बजेट ल्याउन केन्द्रले दवाव दिनु स्वभाविक नै हो । कति पय स्थानीय तहमा मेयर उपमेयरविच भागवण्डाको विवाद मेयर र प्रतिपक्षीविच समन्वायको अभाव मेयर सित बहुमतको अभाव हुनु मेयरले एकोहोरो रुपमा अधिकांश बजेट हसुर्ने लोभ गर्नु निर्वाचित वडा अधयक्षहरुसित सम्पर्क नगर्नु कतिपय ठाँउमा अनुचित कामको लागी हाकिमाथि दवाव दिनु लगायतका घटनाले गर्दा पनि स्थानीय तह विवादमा पर्दै आएका छन् । स्थानिय तहमा एउटा स्थायी कार्यकारी अधिकृतले दुई चार महिनामा भन्दा बढी समय सम्म टिक्नन नसक्नुको प्रमुख कारण अनियमित कार्यलाई समर्थन गर्न नसक्नु हो । प्राविधिक क्षेत्रका कर्मचारीलाई प्रशासकिय अधिकृतको रुपमा हेर्न प्रमुखहरु बढी मन पराउँछन यसको प्रमुख कारण प्राविधिक क्षेत्रवाट आएका कर्मचारीहरु गलत काम गर्न पनि अन्यथा मान्दैनन । यो बेग्लै कुरा हो कि पछि गएर अख्तियारको सामना पनि गर्नुपर्ने हुन्छ ।

देश संघियतामा गई सके पछि स्थानीय तहलाई पनि अधिकार सम्पन्नम बनाईएको छ । कतिपयले त स्थाीनिय सकारलाई गाउँमा सिंहदरबारको संज्ञा पनि दिएका हुन् । स्थानीय तहलाई सरकारको संज्ञा त दिइएको छ तर यस सरकारलाई कानुन बनाउने अधिकार छैन । स्थानीय तहमा उपप्रमुखलाई न्यायिक प्रमुखको जिम्मेवारी दिइएको छ तर चुनावमा भोट बैंकलाई ध्यानमा राखी उप प्रमुखमा जातिय आधारलाई प्रमुखता दिएर उम्मेदवार छनोट हुँदै आएका कारण उपप्रमुखको भूमिकामा त्यति बढी प्रभावकारी देखिएको छैन । हुनत संघीयताको परिभाषा भित्र स्थानिय तहको वर्तमान स्वरुप नै आउदैन । संघीयतामा तीन थरिका सरकारहरुको परिकल्पना गरिएको हुदैन । संघियता भनेको राज्यको शक्तिस र अधिकारको विभाजन हो राज्यको शक्तिो र अधिकारको विभाजन भनेको र दुई ठाँउमा मात्रै हुन सक्दछ(संघ र प्रदेश) मा । नेपालमा संघीयताको स्थाँपना हुनुको मूलकारण बहुजातीय बहुभाषिक र बहुसांस्कृतिक समाजको द्रुत गतिमा चौतर्फि विकास हुनु हो । स्थानीय तहमा न भाषाको विकास भएको छ न संस्कृतिको । आर्थिक विकास हुने प्रश्न नै उठदैन । एउटै बाटोमा दोहोर्यासई तेहर्या ई बजेट खन्याइनु एउटै घरको फाउन्डेसनको काम स्थानीय तहको बजेटले त्यस भन्दा माथीको प्रदेशसको अथवा स्थानीय प्रादेशिक सांसदको विकास दोषवाट र माथिल्लो तहको काम संघीय सांसदको बजेटबाट काम भएको हुन्छ ।यस्ता विकास निर्माणको गुणस्तर पनि कमजोर नै रहेको हुन्छ तर असार महिनामै विकास गर्नु पर्ने भएका कारण सबै विच अभूतपुर्व एकता रहेको हुन्छ । आज सम्म प्रादेसिक सांसदले स्थानीय, स्थानीय तहले प्रादेशसिक तथा संघिय सांसद क्षेत्र विकास कोषमा भएका अनियमित्तताको विरोध गरेको उदाहरण पाउन सकिदैन किनभने सबैले एक अर्कालाई जगाउँछ ।

अहिले नेपालमा संघियताको जुन संरचना अस्तित्वमा रहेको छ यस्को पनि एक कार्यकाल पुरा भइसकेको छ र यो अब छैठो वर्षमा प्रवेश गरेको छ अब त सबैलाई धैरै कुराको अनुभव पनि भइसकेको हुनुपर्छ । गाउँघरमा विकास निर्माणको नाममा सडक र नालाको पक्की करण त भई रहेको छ तर हतार हतारमा । घरको उचाईलाई ध्यानमा राखेर नालाको निर्माण भई रहेको छैन । नालाको पानीको निकास कसरी हुने वारे विचार गरिएको छैन । खाली ठाँउ हेरियो कि ढलोट सडकको निर्माण भइरहेको छ । ईटको काममा नाफा कम हने गर्दछ । तसर्थ ईटको कामातिर कसैको पनि ध्यान गराइरहेको छ एउटा पक्की गा.वि.स. भवन अथवा वडाकार्यालय द्दण वर्ष पनि टिक्न नपाई नया ढङ्गले निर्माण भई रहेको छ। असार महिनामा परिषकका लागी बहुमत जुटाउनका निकै प्रयत्नन गर्नु पर्ने वाध्यता छ, दृश्यस अदृश्यअ सम्झौताहरु गर्नुपर्ने हुन्छ । जनताको प्रत्यक्ष हितसित जोडिएका कामसित कुनै वास्ता रहेको हुदैन ।

अनियमितालाई विकासको सबैभन्दा ठूलो अवरोधक मानिन्छ ।प्रदेश सरकारले जेठ महिनामा बजेट निकासा गर्ने गर्दछ। जेठतिर विभिन्ने अनुदान रकमहरु वितरण गरिए विकासको सम्भावना कम हुन्छ । ३छ दिनमा, ३ण दिनमा विकाश कार्य राम्ररी हुन सक्दैन भन्नेक कुरा सबैलाई थाहा हुन्छ र पनि यसै परम्पराले मान्यता पाएको छ । खर्च गरौ भने सम्भव हुदैन, खर्च नगरौ भने बजेट फ्रिज हुने डर हुन्छ, यस्तो अवस्थामा जेनरेटर चलाएर भए पनि रातभरी विकास निर्माणको काम गरिन्छ । इन्जिनियरको छडके पश्चा त त्यसको बिल बजेट पनि पास हुन्छ कमिशनको चाजो पाजो शुरुमै मिलाई सकिएको हुन्छ यस्तो अवस्थामा कागजमै काम हुन्छ। अनियमितता पनि दुई थरिका हुन्छन् । एउटा नियतवश र अर्को बाध्यतावश, परिणाम दुवैको भ्रष्टचार नै हुन्छ । बजेट सिध्याउने नियतले हुने अनियमतालाई बाध्यतावश मान्न सकिन्छ तर सुनियोजित रुपमा गाउपालिका र नगरपालिकाको बजेट सिध्याउने कामालाई यमतवश भ्रष्टचारको संज्ञा दिन सकिन्छ। प्रत्येक जिल्लामा अख्तियारको शाखा हुनु आवश्यक छ। असारे विकासमा रोक लाग्नु आवश्यक छ । एउटा शिर्षकको रकमलाई अर्को शिर्षकमा रकमान्तर गरेर अनर्थ गर्ने काम गरिन्छ । गलत रकमान्तरको प्रकृयालाई पनि रोकिनुपर्छ ।

# गर्मी मौसममा आँखाको समस्या

डा रोहित शैजु

आँखा प्रकृतिले मानिसलाई दिएको अमूल्य अंग हो । मानव शरीरमा सबै अंगको आ-आफ्नै महत्व भए पनि आँखाको महत्व अरूभन्दा महत्वपूर्ण छ। सामान्य हेलचेक्र्याईँले पनि आँखाको ज्योति गुम्न सक्छ। आँखामा देखिने कुनै पनि समस्यालाई सामान्यरूपमा लिनु हुँदैन। गर्मी मौसममा आँखाको समस्या बढी देखिने हुनाले अस्पतालमा बिरामीको संख्यामा पनि बढ्ने गर्छ ।

यस्तो बेला प्रायःजसो आँखा चिलाउने, पाक्ने, रातो हुनेजस्ता समस्या धेरै नै पाइन्छ। १४/१५ वर्षका बच्चामा आँखा चिलाउने रोग गर्मीसँगै सुरु हुन्छ। गर्मी सकिएर चिसो मौसमको सुरुवात हुनासाथ ठीक हुन्छ।

आँखाको समस्या देखिँदा सुरुको अवस्थामा रातो देखिन्छ। त्यसपछि आँखाबाट धागोजस्तो लामो चिप्रा आउने, उज्यालोमा हेर्न समस्या हुने र चिलाउने हुन्छ। यसलाई सिजनल एलर्जीक कन्जन्टेभाइटिस भनिन्छ। यो कुनै कीटाणुको कारण नभई वातावरणसँगै आँखामा आउने समस्या हो। गर्मी मौसममा धुलो, धुँवा, बढी हुने तथा रूखमा फुल फुलेर झर्ने हुनाले पनि एलर्जी बढी देखा पर्छ। यसका कारण आँखा चिलाउने, राता देखिने, चिप्रा आउने, आँखा मैलो हुनुका साथै नानीमा समेत सेतो दाग देखा पर्नसक्छ। जसका कारण कहिलेकाहीँ नानीमा संक्रमणमा भई दृष्टिसमेत गुम्न सक्छ। आँखा चिलाउने रोगका लागि लामो समयसम्म एन्टीएलर्जीक आईड्रप्स प्रयोग गर्नुपर्ने हुन्छ ।

एलर्जीक कन्जन्टेभाइटिसलाई समयमै उपचार गरिएन भने आँखाको नानीको आकारलाई परिवर्तन गर्छ। आकार परिवर्तन भैसकेपछि आँखाको दृष्टि कम हुन्छ। यो ठीक भएपनि नानीमा खत बनाउछ र पछि गएर दृष्टि नष्ट हुन्छ। यसबाट बचाउन सुरुकै अवस्थामा उपचार गर्न जरूरी हुन्छ । आँखा पाक्ने रोग गर्मी मौसममा बढ्ने गर्छ। आँखाको सबैभन्दा बाहिरी झिल्ली रातो भई सुनिन्छ। यसमा आँखाबाट आसुँ बग्ने, चिप्रा लाग्ने, परेलीको डिल सुन्निने हुन्छ ।

जसका कारण घाममा तथा बढी उज्यालोमा आँखा खोल्न गाह्रो हुने, दुख्नेजस्ता समस्या देखिन्छ। आँखा पाक्ने रोगको कीटाणुविरुद्ध एन्टिबायोटिक औषधि चलाउनु पर्ने हुन्छ । त्यसकारण



यो रोग लागेमा समयमै चिकित्सकको सल्लाहबमोजिम उपचार गराउनुपर्छ। चिकित्सकको सल्लाह बिना आफैँ औषधि प्रयोग गर्दा कहिलेकाहीँ थप संक्रमण भई अन्धोपनसमेत निम्त्याउन सक्छ।

गर्मीमा आँखा सुख्खा हुने समस्या पनि धैरै नै पाईन्छ। जति गर्मी बढ्दै जान्छ, त्यति नै आँखामा सुख्खापन आउछ। आँखाले नजीकबाट केन्द्रित भएर गर्ने जस्तै कम्प्युटर, ल्यापटप, टिभी हेर्ने जस्ता कार्यमा बढी आँखा सुख्खा हुने हुन्छ। यस्तो कार्यमा आँखाले एकनासले हेर्ने, झिम्काई कम हुने हुदा सुख्खा हुने हुन्छ। साथै गर्मी मौसममा धुलो धुँवा बढी उड्ने हुदा यसले आँखालाई असर गर्ने हुन्छ। वातावरणमा धुलो, धुँवाको मात्रा बढी हुनाले आँशु चाँडै बाफ बनेर जाने हुँदा सुख्खा हुने हुन्छ। यसबाट बच्न धुलो, धुँवाबाट बच्नुका साथै बाहिरी वातावरणमा काम गर्दा कालो चस्मा वा भाइजरको प्रयोग गर्नु राम्रो हुन्छ।

सर्वप्रथम सुख्खा आँखाको समस्या हुने व्यक्तिले आफूले काम गर्ने वातावरण परिवर्तन गर्न जरूरी हुन्छ। कम्प्युटर चलाउँदा वा टिभी हेर्दा केही समय आराम र चिसो पानीले मुख धुनु उपयुक्त हुन्छ। मुख्यतया सुख्खा आँखाको उपचारका लागि कृत्रिम आँशुका थोपा नियमित प्रयोग गर्न सकिन्छ। घाममा निस्कदा कालो चम्मा लगाउने, आवश्यक मात्रामा पानी तथा झोलपदार्थ पिउनु पर्दछ। यो समस्याको लामो समयसम्म उपचार गर्नुपर्ने भएकाले चिकित्सकसँग नियमित परीक्षण गराउनुपर्छ। गर्मी मौसममा हुने यस्ता समस्याबाहेक डरलाग्दो लक्षण भनेको उज्यालोमा हेर्न गाह्रो हुने हो। यदि आँखा रातो हुने, चिलाउने तथा उज्यालोमा हेर्न समस्या हुन्छ भने आँखाको नानीमा केही खराबी भएको बुझ्नुपर्छ।

आँखाको नानी संवेदनशिल हुन्छ। नानीमा अलिकता धुलो मात्र पर्‍यो भने पनि आँखाले उज्यालो मन नपराउने हुन्छ। यस्तो समस्या देखियो भने तुरुन्तै आँखा चिकित्सकको सहयोग लिनुपर्छ। गर्मी मौसममा लाग्ने आँखा रोग प्रायः सर्दैनन्। यिनीहरु सिजनल भएका हुनाले वातावरण परिवर्तनसँगै ठीक भएर जान्छ। तर ब्याक्टेरियाका कारण भएको हो भने आँखा पाक्ने रोग सर्न सक्छ। यसबाट बालबालिका बढी प्रभावित हुन्छन्। आँखा रातो भई सुन्निने, आँसु धेरै बग्ने, चिप्रा आई आँखा टालिने, दुख्ने र धमिलो देखिने हुन्छ। यो एक्कासी देखिनुका साथै एकबाट अर्को व्यक्तिमा सजिलै सर्ने हुन्छ ।

# आर्थिक जटिलता : हाँक र प्रस्तावित सुधार

प्रा डा विश्वम्भर प्याकुर्‍याल

विश्व सङ्कटको केही समय पहिलेदेखि नै आर्थिक मन्दीको दबाबमा नेपाल पर्न थालेको थियो । खासगरी कोभिड-१९ पछि भने विश्वले भोगेको आर्थिक मन्दीको प्रभावबाट नेपाल जोगिन सकेन । आर्थिक मन्दीबाट बच्न वस्तु आयातमा प्रतिबन्ध लगाइयो, मौद्रिक नीति कसिलो बनाइयो, मुद्रास्फिर्ती भयावह बन्न पुग्यो, न्यून राजस्व सङ्कलनले सार्वजनिक खर्च खुम्चिन गयो । रूस-युक्रेन युद्धका कारण विश्वमा उत्पादनमा आएको शीथिलताले आधारभूत खाद्य सामग्रीमा पनि अत्यधिक प्रभाव पर्नुका साथै आपूर्तिमा आएको थप समस्याले खाद्यान्नको उपलब्धतामा उच्च निर्भरता बढ्न गयो । यसरी राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा खाद्य वस्तुमा आएको अत्यधिक मूल्य वृद्धिका कारण सरकारले गरिब किसानलाई खास सहयोग पुर्‍याउन सकेको देखिएन । यसको असर चालु आर्थिक वर्षको वित्तीय असन्तुलनबाट अनुमान लगाउन सकिन्छ ।

आर्थिक वृद्धि दर सन्तोषजनक नहुन्जेल र राजस्वले कमसेकम साधारण खर्च नथेगेसम्म रोजगारीको वातावरण निर्माण गर्न सकिन्न । रोजगारीको अवसर सहज किसिमले प्राप्त गर्ने हो भने साना र मझौला उद्योगमा ऋण, व्याज व्यवस्थापन र उत्पादकत्व अभिवृद्धि अनिवार्य देखिन्छ । यसको साथै व्यापारिक वातावरण र श्रम बजारसम्बन्धी नीतिलाई दिगो बनाउन विशेष प्रयासको आबश्यकता छ । अन्तरराष्ट्रिय आप्रवासले विप्रेषण आप्रभावमा क्रमिक सुधार देखाएको छ तर यसले व्यक्तिगत, पारिवारिक र समग्र आर्थिक लाभ नदिएसम्म रोजगारीको समस्या हल गर्न अझ धैरै समय लाग्न सक्छ । अर्कोतिर यसबाट हुनसक्ने नियमित आम्दानी समेत अनिश्चित छ ।

काम गर्ने उमेर र क्षमता भएका अधिकांश व्यक्ति बेरोजगार छन् । काम पाएका व्यक्तिको निरन्तरताको पनि सुनिश्चित गर्न सकिने स्थिति छैन । यो अवस्थाले बेरोजगार वीमा कार्यक्रमको कार्यान्वयन आवश्यक रहेको प्रमाणित गरेको छ । कोभिड-१९ मा कार्यान्वित अस्थायी महामारी बेरोजगारी कार्यक्रम एउटा मार्गचित्र हुन सक्छ । बेरोजगार वीमा कुन स्तरसम्म पुर्‍याउन सकिन्छ, स्रोतको व्यवस्थापन कुन ढाँचाबाट गर्ने गृहकार्यको आवश्यकता छ ।

वित्तीय व्यवस्थापन गर्न सक्दा बेरोजगारीबाट उब्जिएको मानसिक र सामाजिक दवाबलाई कम गर्न सरकारले अरु पनि धैरै नीति तर्जुमा गर्न सक्छ । उदाहरणको लागि, श्रमिकले प्राप्त गरेको आंशिक रोजगारीको अलावा सरकारले थप आंशिक रोजगारी समेत उपलब्ध गराउन सक्छ । विभिन्न उद्योगमा क्षेत्रगत रूपमा माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी निजी क्षेत्रसँगको सहकार्यमा धैरै हदसम्म बेरोजगारीको समस्यामा केही सुधार ल्याउन सकिन्छ । यो उद्देश्य अनुरुप स्थानीय स्तरको माग र उपलब्ध मानव स्रोतको उचित मूल्याङ्कन गरी काम गर्न सकिने नयाँ अवसर हरुको व्यवस्था गरी सीप विकास कार्यक्रममा लगानीको आवश्यकता छ । प्रारम्भमा निर्देशित कार्यक्रम जस्तै व्यावसायिक प्रशिक्षण कार्यक्रम, प्रशिक्षुता (apprenticeship) र उद्यमशीलताको विकास गर्ने हेतुले लगानीको आवश्यकता देखिन्छ ।

व्यावसायिक प्रशिक्षण र रोजगारी कार्यक्रममा सफलता हासिल गर्न सके आम्दानी वृद्धिमा सहयोग पुगी आर्थिक असमानता न्यूनीकरण भएर गरिबी कम भएका धेरै उदाहरण छन् । यसको अर्थ सरकारले न्यूनतम् ज्याला वृद्धि गरी उद्घोषित सामाजिक सुरक्षाको उपलब्धतामा सुधार ल्याएर कम लागतका घरघडेरी माथिको सहजता र प्रगतिशील कर नीतिको कार्यान्वयनमा जोड दिनु हो, जुन कुरा हाम्रो आर्थिक-सामाजिक परिवेशमा त्यति सजिलो छैन तर असम्भव पनि होइन ।

नेपालमा सरकारको कमजोर प्रदर्शनको मुख्य कारण जवाफदेहीता र पारदर्शिताको अभाव हो । भ्रष्टाचार न्यूनीकरणमा अहिले शुरु गरिएका दौडमा लगाम लगाउन हुँदैन । सरकार टिकाउनको लागि मात्र भ्रष्टाचार नियन्त्रण गर्न सरकारले आफ्नो संयन्त्र चलायो भने त्यो धैरै टिकाउ हुँदैन । भ्रष्टाचारको मात्र के कुरा गर्नु, जनजीवनलाई असर गर्ने हजारौं सूचनाहरु जनताको जानकारीमा छैन । तथ्यको इमान्दारीका साथ सार्वजनीकरण गरेर नीतिगत निर्णय लिँदा जनताको सहभागितामा सार्वजनिक हितमा सरकारको प्रतिबद्धता कायम गर्न सके अहिले देखिएको यत्रो जनअविश्वास धेरै हदमा कम हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

नेपालमा लगानीको वातावरण अझ पनि बन्न नसक्नु दुर्भाग्य हो । विदेशी बैंक सञ्चालन गर्न पाउने नीति अझै पनि अस्पष्ट र अन्तरराष्ट्रिय मापदण्डअनुसार अपुग छ । आफ्नो मुलुकमा लगानी गरेर हुने नाफा सरल प्रक्रियाबाट पठाउन निकै कठिन छ । बैदेशिक पूँजीको सटही सुविधा सीमित छ । अझै पनि केही क्षेत्रमा लगानी गर्दा कोटा प्रयोग गरिन्छ । यी सबै कारणले सम्भावित लगानीकर्ताका अनुसार स्वामित्वमा भएको सीमितता, क्षेत्रगत क्याप (कभअतयचर्बा अबउक) र लगानीको लागि लामो नकारात्मक सूचीले गर्दा नेपालमा लगानीको वातावरण अझै बनेको छैन । बहुराष्ट्रिय कम्पनीले गरेको अनुसन्धानले समेत विश्वव्यापी रूपमा ६५ प्रतिशत फर्मले स्वामित्वमा रहेको प्रतिबन्धलाई लगानी हुन नसक्ने मूल कारणको रूपमा देखाएका छन् ।

ठूलो समस्या के छ भने विदेशी लगानीकर्तालाई लगानीको अवसर प्रदान गर्ने कुरा कानूनी रूपमा प्रष्ट पारिए पनि, अधिकांश व्यक्ति नेपालमा व्यापार र लगानीमा भैरहने जोखिम र राजनीतिक अनिश्चितताले गर्दा अगाडि बढ्न खोज्दैनन् । नेपालमा न्यून बचत र नगन्य आर्थिक वृद्धि कायम छ । यो अवस्था कोभिडपछि झनै नराम्रो छ । यसो हुँदा आन्तरिक बचतले आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्न सकेको देखिंदैन ।

नेपालमा उपभोग्य वस्तुहरु आयातित छन् । मुलुकमा व्यापार घाटा अक्सर कुल गार्हस्थ आम्दानीको ३० प्रतिशतसम्म पनि पुग्ने गरेको छ । आर्थिक वर्ष २०७९/८० को १० महिनामा कूल वस्तु व्यापार घाटा रु १२ खर्ब चार अर्ब ४२ करोड पुगेको छ । डलर तिरेर मात्र भारतबाट रु एक खर्ब १९ अर्ब ६० करोड बराबरको वस्तु आयात गरिएको छ । धैरैजसो मुलुकसँग द्विपक्षीय लगानी सन्धि र स्वतन्त्र व्यापार सम्झौता नगरेकाले पनि बैदेशिक लगानीका अवसरहरु गुमाउनु परेको छ । कमसेकम भाषणमा मात्र सीमित नभएर वर्तमान कृतिम वौद्धिकता (आर्टिफिसियल इन्टेलीजेन्स) र नयाँ प्रविधिको विकास राष्ट्रिय प्राथामिकतामा पर्न सकेको भए अधुरा भौतिक पूर्वाधार निर्माण कार्य पूरा गरी नवप्रविधिले हाम्रो विकासको बाटो सरल गर्ने थियो ।

नेपालमा आन्तरिक र वैदेशिक लगानीका सम्भावित क्षेत्रहरु प्रशस्त छन् । उदाहरणका लागि, कृषि र कृषिमा आधारित उद्योग, पर्यटन, उर्जा विशेषगरेर जलस्रोत, औद्योगिक निर्माण, सेवा, निर्माण उद्योग, खनिज र खनिजमा आधारित उद्योग, टेक्सटाइल र त्यसमा आधारित उद्योग, सूचना र सञ्चार तथा अनि पूर्वाधार विकास । प्रत्येक सम्भावित क्षेत्रको विकासका लागि कार्यान्वयन म्यानुएल बनाएमा यिनीहरुबाट वस्तु र सेवाको विकासको साथै आर्थिक वृद्धि सम्भव छ । नेपालमा साना तथा मझौला उद्यमहरुको योगदान निर्यात, रोजगारी तथा आम्दानी वृद्धिको सन्दर्भमा अत्यधिक रहेको छ । यिनीहरुको लागि प्रमुख प्राथमिकता वित्तीय पहुँच, उत्पादकत्व अभिवृद्धि, क्षेत्रीय तथा विश्वव्यापी एलायन्सेस र सीप विकासका साथै उत्पादित वस्तुहरुका लागि बजारको उपलब्धता नै हो ।

हाम्रो मुलुकमा सञ्चालनमा रहेको विद्यमान प्रशासनिक संरचनामा सुधारको आवश्यकता छ । सङ्घीय संरचनामा मुलुक गइसक्दा पनि शासन गर्ने पद्धति सरल र स्पष्ट हुन नसकेर झन्झन् जटिल हुँदै गएको छ । अन्तर-पार्टी परामर्श गरी राज्य सञ्चालन विधिमा सहमति कायम राख्न नसके रानीतिक इच्छाशक्ति मरेर जान्छ र राजनीतिक अस्थिरता बढ्दै जान्छ । बजेट समसामयिक देखिन्छ किनभने यसमा आवश्यकता अनुसारको संरचनात्मक वित्तीय सुधार, कोष व्यवस्थापन, सार्वजनिक प्रशासन, सुशासन, पारदर्शीता र जवाफदेहितामा मौनता धारण गरिएको छ ।

निष्कर्षमा, अब नेपाललाई जोगाउने हो भने प्रधानमत्री र मन्त्रीहरुको कार्यक्षेत्र के-के हुने स्पष्ट खाका बनाई कानूनी रुप दिनु आवश्यक छ । जिम्मेवारी दिँदा ध्यानमा राख्नुपर्ने कुराहरु आर्थिक स्थिरीकरणको हुनु आवश्यक छ किनभने यसबाट हाल देखापरेका धेरै समस्या हल हुन सक्ने सम्भावना रहन्छ जस्तो, आयात प्रतिबन्ध गर्दा आउने हाँकहरु; कसिएको मौद्रिक नीतिको सञ्चालन, उच्च मूल्यस्फिर्तीमा नियन्त्रण र सङ्कुचन हुँदै गएको सार्वजनिक खर्च व्यपस्थापन ।

'आफैं बोक्सी, आफैं झाँक्री' हुने बानी लागेको हाम्रो शासनयन्त्रमा मन्त्रीहरुको स्पष्ट कार्यविभाजन र योगदानको आत्ममूल्याङ्कन गर्न लगाउने कार्य त्यति सजिलो छैन । बुझ्न खोजेको कुरा त के हो भने तर्जुमा गरिएको निर्धारित कार्यपद्दतिको आधारमा कार्य प्रगति मापन गर्न सके कुनै पनि मन्त्रीले आफू जिम्मेवारी बहन गर्न योग्य छु अथवा छैन भन्ने कुरा अग्रिम रूपमा नै थाहा पाउन सकून् भन्ने हो । यस्तो मूल्याङ्कन विषयवस्तु ज्ञाताको व्यावसायिक समूहले गर्ने र नतिजा सार्वजनिक गर्न सक्ने आँट प्रधानमन्त्रीमा हुनुपर्दछ । (लेखक अर्थशास्त्री तथा पूर्वराजदूत हुनुहुन्छ)

# राष्ट्रियसभाबाट नेपाल विश्वविद्यालय विधेयक पारित



काठमाण्डु । राष्ट्रियसभाको सोमबारको बैठकले 'नेपाल विश्वविद्यालय विधेयक, २०८०' बहुमतले पारित गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले राष्ट्रियसभाको सोमबारको बैठकमा उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्ताव पेस गर्नुभएको थियो । त्यस्तै सोमबारको बैठकमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित नेपाल विश्वविद्यालय विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव पेस भएको थियो ।

नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले नयाँ विश्वविद्यालय स्थापना गर्न बाटो खोल्नेछ । उच्च शिक्षा अध्ययन तथा अनुसन्धानलाई गुणस्तरीय, जीवनोपयोगी, नवप्रवर्तनकारी तथा समयसापेक्ष बनाउन आवश्यक रहेको भन्दै सरकारले गत मङ्सिरमा यो विधेयक संसद्मा दर्ता गरेको थियो । विधेयकमा अन्तरविधात्मक अवधारणा (लिबरल आर्टस्) मा आधारित बहुविधागत अध्ययन, अध्यापन र अनुसन्धानमार्फत दक्ष, सिर्जनशील र प्रतिस्पर्धी मानव स्रोतको उत्पादन गर्न, नवीनतम ज्ञानको सिर्जना र नवप्रवर्तन गर्दै समुन्नत राष्ट्र निर्माणमा योगदान पुऱ्याउन मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालयका रुपमा नेपाल विश्वविद्यालय स्थापना गरिने उल्लेख छ ।

शिक्षामन्त्री अशोककुमार राईले सङ्घीय संरचना अनुकूल हुनेगरी विश्वविद्यालय खोल्नुपर्ने र त्यसका लागि एकीकृत शिक्षा नीति ल्याउने विषयमा सरकार सकारात्मक रहेको बताउनुभयो । यसका लागि पर्याप्त अध्ययन हुन बाँकी रहेको उहाँले बताउनुभयो ।

काठमाण्डु उपत्यकाभन्दा बाहिर स्थापना गरिने यो विश्वविद्यालयका लागि एक सय बिघा जग्गा तुरुन्तै प्राप्त हुनसक्ने अवस्थामा रहेको पनि उहाँको भनाइ छ । पाठ्यक्रम निर्माण, गुणस्तर निर्धारणका लागि छाता शिक्षा ऐन ल्याउने तयारी भइरहेको पनि शिक्षामन्त्री राईले जानकारी दिनुभयो ।

विधेयकमाथि सोमबार राष्ट्रियसभामा भएको छलफलमा सांसद खिमलाल देवकोटाले अहिले नेपालमा सञ्चालनमा रहेका विश्वविद्यालयको सङ्ख्या पर्याप्त भएकाले थप आवश्यक छ वा छैन भनेर आवश्यकता पहिचान गर्न शिक्षा नीति र उच्च शिक्षासम्बन्धी छाता ऐन ल्याउन आवश्यक रहेको बताउनुभयो । "विश्वविद्यालय च्याउसरी उम्रिएका र भद्रगोल अवस्थामा छन् तर विद्यार्थी भने उच्च शिक्षाका विदेशिन थालेपछि क्याम्पस बन्द हुने अवस्थामा छन्", उहाँले भन्नुभयो । शिक्षा मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगले गरेको संयुक्त अध्ययनले थप विश्वविद्यालय आवश्यक नरहेको भनेर निष्कर्ष निकालेको उहाँको भनाइ छ ।

सांसद गङ्गाकुमारी वेल्बासेले अहिले सञ्चालनमा रहेका विश्वविद्यालयको गुणस्तर सुधार गर्नुपर्ने बताउनुभयो । विश्वविद्यालयमा देखिएको चरम राजनीतिकरणको अन्त्य गर्नका लागि कदम चालिनुपर्ने उहाँको भनाइ छ ।

सांसदहरु सुरेशकुमार आलेमगर, कुमार दसौँदी र नारायणप्रसाद दाहालले शिक्षाको गुणस्तर सुधार्नुपर्ने, थप विश्वविद्यालय ल्याउन सरकारको नियत सफा हुनुपर्ने र विश्वविद्यालयको सङ्ख्याभन्दा पनि गुणस्तरमा जोड दिनुपर्ने धारणा राख्नुभयो । रासस

# भ्रष्टाचार नियन्त्रणका लागि अझै कडा तरिकाले प्रस्तुत हुन्छौँ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार भ्रष्टाचार नियन्त्रणका लागि अझै कडा तरिकाले प्रस्तुत हुने बताउनुभएको छ । उहाँले त्यसलाई सुशासनको पक्षमा नयाँ ढङ्गको क्रान्तिको संज्ञा दिनुभएको छ ।



प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार नेकपा (माओवादी केन्द्र) सम्वद्ध वाइसिएल नेपालका पदाधिकारीसँगको छलफलमा प्रधानमन्त्री दाहालले सुशासनको पक्षमा आफूले कोही कसैसँग पनि सम्झौता नगर्ने र विगतका सबै जसो काण्डको छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याएर छाड्न दृढता व्यक्त गर्नुभयो । नक्कली शरणार्थी प्रकरणमा जस्तै, बालुवाटार जग्गा प्रकरणमा संलग्न दोषीले कुनै पनि हालतमा उन्मुक्ति नपाउने स्पष्ट पार्दै उहाँले विगतमा सबैजसो ठूला काण्डका दोषीलाई पनि कानुनी दायरामा ल्याएरै छाड्ने बताउनुभएको वाइसिएलका इञ्चार्ज रामप्रसाद सापकोटाले राससलाई जानकारी दिनुभयो ।

भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सवालमा सरकारले कोही कसैसँग सम्झौता नगर्ने स्पष्ट पार्दै त्यसमा साथ र सहयोग दिन युवा नेतृत्वलाई प्रधानमन्त्री दाहालले आग्रह गर्नुभयो । "माओवादीको एजेण्डा अरुले खोस्ने जस्तो अवस्था देखा पऱ्यो । भ्रष्टाचारी नै भ्रष्टाचार विरोधी जस्ता देखा परे । नयाँ खालका भनिएकाको अवस्था पनि त्यस्तै देखियो । यतिबेला नयाँ तरिकाको क्रान्ति सुरु भएको छ । यसलाई सफल बनाउन नयाँ तरिकाले जानुको विकल्प छैन", प्रधानमन्त्री दाहालको भनाइ उद्धृत गर्दै वाइसिएलका इञ्चार्ज सापकोटाले भन्नुभयो । नयाँ तरिकाको क्रान्तिबाटै पार्टी पनि नयाँ आधारमा विस्तार हुने उहाँको भनाइ थियो । सरकारको कामको प्रचारप्रसार गर्न र नकारात्मक कामको आलोचना गर्न प्रधानमन्त्री दाहालले वाइसिएललाई आग्रह गर्नुभयो ।

सरकार स्पष्ट दृष्टिकोणका साथ प्रस्तुत भएको उल्लेख गर्दै उहाँले जनअपेक्षा पूरा गर्ने र भ्रष्टाचारलाई कुनै पनि अर्थमा संरक्षण नगर्ने नीति रहेको बताउनुभयो । सरकारको सकारात्मक कामलाई जनतामाझ लैजान र पार्टीलाई विस्तार गर्न, युवालाई थप आकर्षित गर्न प्रधानमन्त्री दाहालले वाइसिएललाई निर्देशन दिनुभयो । सो अवसरमा उहाँले आगामी असोज ८ देखि १० गतेसम्म हुन लागेको वाइसिएलको राष्ट्रिय सम्मेलनलाई नयाँ आधारमा संगठन निर्माण र जनतासँग जोडिने गरी तयारी गर्न पनि निर्देशन दिनुभो । माओवादी केन्द्रका केन्द्रीय सदस्यसमेत रहनुभएका सापकोटाका अनुसार सो अवसरमा नयाँ ढङ्गको पार्टी निर्माणमा नयाँ प्रयोग, देशको आवश्यकतासहितको नेतृत्वमा केन्द्रिकरण लगायतका विषयमा प्रधानमन्त्री दाहालसँग छलफल भएको थियो ।

**सुशासन र समृद्धिका लागि शान्तिपूर्ण क्रान्ति चाहिन्छ : प्रधानमन्त्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुशासन, न्याय र समृद्धिका शान्तिपूर्ण क्रान्तिको आवश्यकता रहेको धारणा राख्नुभएको छ ।

चाबहिलस्थित जिपी कोइराला मेमोरियल कलेजको १२औँ वार्षिकोत्सव तथा गिरिजाप्रसाद कोइरालाको शतवार्षिकीको अवसरमा सोमबार आयोजित समारोहमा प्रधानमन्त्री प्रचण्डले मुलुकका देखिएको बेथिति, अराजकता र लोकतन्त्रमाथि देखिएको खतराको अन्त्य सामान्य सुधारबाट सम्भव नहुने भनाइ व्यक्त गर्नुभयो । "लोकतन्त्रमाथि खतराको घन्टी बजिरहेको समयमा लामो इतिहास भएका राजनीतिक दलप्रति जनताको भरोसा र विश्वास जगाउन आवश्यक छ । यसका लागि नेपाली कांग्रेससँग सहकार्य आवश्यक ठानेरै म यो गठबन्धनलाई बलियो बनाउन लागेको हुँ ।"

नेकपा (माओवादी केन्द्र) का अध्यक्षसमेत रहनुभएका दाहालले भन्नुभयो, "कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला र मेरो कुराकानीबाट तत्कालीन विद्रोही माओवादी जनयुद्धबाट शान्तिपूर्ण सङ्घर्षमा आयो र संयुक्त जनआन्दोलनको बलमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित भयो । यस गणतन्त्रलाई बचाउनु हामी सबैको कर्तव्य हो । म बौद्धिक वर्गलाई पनि यही आग्रह गर्दछु ।"

उहाँले सामाजिक सञ्जालमा गाली गरेर नभई राष्ट्र निर्माण र लोकतन्त्रको रक्षाका लागि आत्मसमीक्षासहित समर्पित भई जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन आवश्यक भएको बताउँदै यस सन्दर्भमा कोइरालाको उच्च साहस र दृढ इच्छाशक्तिबाट प्रेरणा मिल्ने बताउनुभयो ।

प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "कोइराला मेरा लागि जीवनभर प्रेरणाका स्रोत रहिरहनुहुनेछ । उहाँ मेरो अभिभावक हुनुहुन्थ्यो । उहाँप्रति मेरो अगाध आस्था र विश्वास रहीरहनेछ ।" उहाँले राष्ट्र निर्माणका लागि शिक्षा क्षेत्र निर्णायक तत्व भएको उल्लेख गर्दै विश्वविद्यालय ऐनको तयारीका काम भइरहेको अवगत गराउनुभयो । रासस

# सार्वजनिक रूपमा नेतृत्वको विरोध नगर्नू : कांग्रेस प्रचार विभाग

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको सूचना, सञ्चार तथा प्रचार विभागले पार्टीको नीति र नेतृत्वको सार्वजनिक स्थलमा विरोधका अभिव्यक्ति नदिन आग्रह गरेको छ । केन्द्रीय कार्यालय सानेपामा सोमबार बसेको विभागको बैठकपछि जारी विज्ञप्तिमा, 'पार्टीको नीति र नेतृत्वको सार्वजनिक स्थलमा विरोधका अभिव्यक्ति नगर्न पार्टी संगठनका सबै तहका पदाधिकारी, सदस्यहरुलाई अनुरोध गर्ने' निर्णय गरेको उल्लेख छ।

सभापति शेरबहादुर देउवाले प्रचार विभाग प्रमुखमा केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्मालाई तोकेका थिए। सोमबारको बैठकमा विभागका ३५ जना सदस्यले धारणा राखेका थिए। कांग्रेस सरकारले गरेका राम्रा कामबारे जनतामाझ पुऱ्याउने निर्णयसमेत भएको छ।

'विभागको दैनिक गतिविधिलाई गतिशिलताका साथ प्रभावकारी रुपमा संचालन गर्न पदाधिकारी सहितको सचिवालय गठन गर्ने र विभागको कार्यालय कांग्रेसको केन्द्रीय कार्यालय भवन, सानेपामा राख्ने' निर्णयसमेत भएको विज्ञप्तिमा उल्लेख छ । विभागले आफ्नै वेबसाइट र आधिकारिक सामाजिक संजाल सञ्चालन गर्ने पनि निर्णय गरेको छ।

'हाल संचालित पार्टीको नाम, झण्डा र चुनाव चिन्ह राखी खोलिएका विभिन्न सामाजिक संजाल र अन्य पेजलाई यस विभागमा आजका मितिले एक महिनाभित्र सम्पर्क गर्न आह्वान गर्ने र तत्पश्चात पनि सम्पर्कमा नआउनेलाई अनाधिकृत घोषित गरी कानुनी दायरामा ल्याउने' निर्णयसमेत विभागको छ ।

विभागको कामलाई प्रभावकारी बनाउन निर्देशिका मस्यौदा समिति र कार्ययोजना तर्जुमा समिति गठन गर्ने निर्णय पनि भएको छ। निर्देशिका मस्यौदा समितिमा संयोजक दिपकप्रसाद कुईकेल र सदस्यहरु गोविन्द परियार, गणेश केसी, लिला खनाल, अनुषा नेपाल, राजबहादुर गुरुङ र निमग हुमागाई छन्। कार्ययोजना तर्जुमा समितिमा संयोजक गोपालकुमार झा र सदस्य तिलक राई, उमिद वागचन, हुकम बुढा, विष्णु तिम्सीना, राघव गौतम र रम्मा मिश्र छन् ।

# गिरिजाबाबुको जस्तो निर्णय गर्ने क्षमता सबै नेतामा हुँदैन : नेता कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शशाङ्क कोइरालाले गिरिजाप्रसाद कोइरालामा जस्तो निर्णय गर्ने क्षमता सबै नेतामा नहुने बताउनुभएको छ ।

स्व गिरिजाप्रसाद कोइरालाको १००औं जन्मजयन्तीका अवसरमा बिपी कोइराला युवा नेतृत्व मञ्चले सोमबार यहाँ आयोजना गरेको रक्तदान कार्यक्रममा उहाँले गिरिजाबाबु अदम्य साहस र निर्णय क्षमता भएका नेता हुनुहुन्थ्यो भन्नुभयो ।

कांग्रेसका पूर्वमहामन्त्री डा कोइरालाले भन्नुभयो, "गिरिजाबाबुको जस्तो निर्णय क्षमता सबैमा हुँदैन, उहाँ जे बोल्नुहुन्थ्यो त्यो पूरा गर्नुहुन्थ्यो । उहाँकै कारण दोस्रो जनआन्दोलन सफल भएको हो ।" उहाँका अनुसार दोस्रो जनआन्दोलन र सङ्घीय लोकतान्त्रिक गणतन्त्र गिरिजाबाबुका कारण सम्भव भएको हो ।

रक्तदान जस्तो सामाजिक काममा सबै लाग्नुपर्ने डा कोइरालाको भनाइ थियो । कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य सञ्जय गौतम र उर्मिला थपलिया, कांग्रेस सङ्खुवासभाका सभापति एवं सांसद दीपक खड्कालगायतले रक्तदान सामाजिक काम भएकाले कांग्रेसका नेता कार्यकर्ताले प्राथमिकता दिनुपर्ने बताए ।

गिरिजाप्रसाद कोइरालाको १००औं जन्मजयन्तीको अवसर पारेर आयोजित रक्तदान कार्यक्रममा ५५ जनाले रक्तदान गरेको मञ्चका अध्यक्ष भरत खड्काले जानकारी दिनुभयो । रासस

# परराष्ट्रमन्त्री साउद आज अजरबैजान प्रस्थान गर्नुहुने

काठमाण्डु । परराष्ट्रमन्त्री एनपी साउद अजरबैजानमा हुने असंलग्न आन्दोलनको समन्वय ब्युरोको मन्त्रिस्तरीय बैठकमा सहभागी हुन मङ्गलबार त्यसतर्फ प्रस्थान गर्नु हुनेभएको छ ।

अजरबैजानको बाकुमा यही असार १८ देखि २१ गतेसम्म 'असंलग्न आन्दोलन : उदीयमान चुनौतीहरूको सामना गर्न एकताबद्ध र अटल' भन्ने नाराका साथ हुन गइरहेको बैठकलाई उहाँले असार २० गते सम्बोधन गर्नुहुने मन्त्रालयले जनाएको छ ।

भ्रमणका क्रममा परराष्ट्रमन्त्री साउदले अजरबैजान सरकारका उच्च पदस्थ अधिकारीसँग भेटघाट गर्नुका साथै विभिन्न देशका सहभागी प्रतिनिधिमण्डलका प्रमुखसँगसमेत भेटवार्ता गर्नुहुने कार्यक्रम छ । उहाँ असार २३ गते स्वदेश फर्कनुहुनेछ । रासस

# उपराष्ट्रपति यादव र भ्याटिकन सिटीका गैरआवासीय राजदूतबीच शिष्टाचार भेट

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादव र नेपालका लागि भ्याटिकन सिटीका गैरआवासीय राजदूत आर्कविशप लियोपोल्डो जिरेलीबीच सोमबार लैनचौर स्थित उपराष्ट्रपति निवासमा शिष्टाचार भेट भएको छ ।

सो अवसरमा उपराष्ट्रपति यादवले विश्व शान्ति, सहिष्णुता र बृहत् मानव कल्याणका पक्षमा अटल विश्वास राख्ने दुई देशबीच प्रतिबद्धताका साथ विश्व शान्तिका पक्षमा उभिनुपर्ने खाँचो औँल्याउनुभयो ।

उपराष्ट्रपति यादवले विश्व शान्तिका अग्रदूत भगवान् गौतम बुद्धबाट प्राप्त शान्तिको सन्देश विश्वसामु पुऱ्याउने नेपालको अभियानलाई भ्याटिकन सिटीबाट अझ बढी साथ सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । आगामी दिनमा दुई देशबीच रहेको सौहार्दपूर्ण सम्बन्ध र सहकार्यलाई थप मजबुत र व्यापक बनाउँदै अगाडि बढ्नुपर्नेमा जोड दिँदै उहाँले अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तन, अन्तर धर्म सम्वाद तथा हरित विकास जस्ता क्षेत्रमा थप सहकार्य गर्ने सम्भावना रहेको धारणा व्यक्त गर्नुभयो ।रासस


- मधेश प्रदेशको पर्यटन पुर्वाधार, आन्तरिक पर्यटनको आधार भन्ने नारालाई सारथक पुऱ्याउन प्राथमिकताका साथ धार्मिक, साँस्कृति एतिहासिक तथा प्राकृतिक महत्वका सम्पदाहरुलाई प्रबद्धन गरौँ ।
- विभिन्न धार्मिक तथा प्रर्यटकीय स्थलहरुलाई व्यवस्थित गरौँ ।
- वैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्ति सँग भएका शिपलाई सदुपयोग गरी स्वदेशमै आयआर्जनको बाटो खुलाउन शिप विकास तालिम प्राविधिक सहयोगमा जोडदियौँ ।
- निजि क्षेत्रको नेतृत्वमा कृषि पर्यटन, पार्या-पर्यटन सामुदायिक पर्यटन प्रबद्धनमा जोडदियौँ ।
- आन्तरिक लगानीको माध्यमबाट पुँजी वौधिक सम्पत्तिको उत्पादन मुलक क्षेत्रमा लगानी गरौँ ।
- स्थानिय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना तथा मझौला उद्योगहरुलाई प्रबद्धन गरौँ ।

उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम



सिमान्तकृत परिवारका लागि "धुवामुक्त भान्सा अभियान" संचालन । विद्युत्तीय पूर्वाधार भएको स्थानहरुमा अति विपन्न परिवारहरुका लागि "एक परिवार, एक विद्युतीय चुल्हो" कार्यक्रम संचालन रहेकोले सफल पारौं ।

मधेश सरकार
मधेश प्रदेश
उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा



ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतिको लागि आशय-पत्र जारी गरिएको सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/०३/१९

यस गाउँपालिकाबाट मिति २०८०/०२/१३ गते प्रकाशित सूचना अनुसार पर्न आएको बोल पत्रहरुको मुल्यांकनबाट सारभुत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्रहरु मध्ये न्यूनतम अंक कबोल गरेको तपसिलमा उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| बोलपत्र नम्बर | विवरण | फर्मको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| BRM/DP/NCB/079/080/07 | वडा नं. १ देखि ७ सम्म कृषि विद्युतीकरणको लागि ट्रान्सफरमर खरीद | महारानीमाई निर्माण सेवा प्रा.लि, ब्रह्मपुरी-२ | ४१,७८,८५३।- |

प्रमुख प्रशासकिय अधिकृत

# सम्बन्धलाई 'जिम्मेवारीपूर्वक व्यवस्थापन' गर्ने प्रयासमा येलेनको चीन भ्रमण

**एएफपी**

वासिङ्टन । विश्वका शीर्ष दुई अर्थतन्त्रबीचको सम्बन्धमा देखिँदै आएको तनाव कम गर्न अमेरिकी अर्थमन्त्री जेनेट येलेनले यसै साता बेइजिङको भ्रमण गर्नुहुनेभएको छ।

अमेरिकी अर्थमन्त्रालयका अनुसार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत जुनमा बेइजिङमा चीनका शीर्ष नेता सी चिनपिङ र विदेशमन्त्री किन गाङसँग भेटवार्ता गरेको केही हप्तापछि येलेनको जुलाई ६ देखि ९ सम्मको भ्रमण हुन लागेको हो।



मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएकोछ,"येलेनलेआफ्नासमकक्षीहरूसँग 'सम्बन्धलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न, चासोका क्षेत्रहरूको बारेमा प्रत्यक्ष संवाद गर्न र विश्वव्यापी चुनौतीहरूको सामना गर्न सँगै काम गर्न' दुवै देशको महत्वबारे छलफल गर्ने अपेक्षा गरिएको छ।"

करिब पाँच वर्षमा चीनको राजधानी बेइजिङ भ्रमण गर्ने सबैभन्दा उच्च पदस्थ अमेरिकी अधिकारी ब्लिन्केनको गत महिना भएको भ्रमण दुर्लभ भएको र यस क्रममा वासिङ्टन र बेइजिङबीचको तनावपूर्ण सम्बन्धमा आफूले प्रगति देखेको चिनियाँ राष्ट्रपति सीले बताउनुभएको थियो।

बेइजिङमा येलेनले चीनसँगको आर्थिक सम्बन्धलाई अमेरिकाले कसरी हेर्छ भन्ने विषयमा छलफल गर्ने एक वरिष्ठ अर्थ अधिकारीले आइतबार बताउनुभएको छ।

उहाँले चीनका वरिष्ठ अधिकारीसँग भेटवार्ता गर्ने र प्रमुख अमेरिकी कम्पनीको अवलोकन गर्नुहुनेछ अमेरिकी मन्त्रालयका प्रवक्ताले बताउनुभयो । "अमेरिकाले आफ्नो राष्ट्रिय सुरक्षा हित सुरक्षित गर्न र मानव अधिकारको रक्षा गर्न चाहेको भए तापनि यस सम्बन्धी कार्यहरू 'चीनमाथि आर्थिक लाभ प्राप्त गर्ने उद्देश्य' ले गरिएको होइन," उहाँले भन्नुभयो।

"वासिङ्टनले बेइजिङसँगको 'स्वस्थ' सम्बन्धलाई पनि हेर्छ र जलवायु परिवर्तन र कर्जा संकटजस्ता अत्यावश्यक चुनौतीहरूमा सहकार्य गर्दै अर्थतन्त्रलाई कमजोर बनाउन चाहँदैन," उहाँले भन्नुभयो।

संयुक्त राज्य अमेरिकाले यस प्रारम्भिक यात्राबाट 'महत्वपूर्ण सफलता' को अपेक्षा गर्दैन, तर यसले चीनसँग सञ्चारको दीर्घकालीन च्यानलहरू निर्माण गर्ने लक्ष्य राखेको छ, अमेरिकी अर्थमन्त्रालयका एक वरिष्ठ कर्मचारीले भन्नुभयो।

'काउन्सिल अन फरेन रिलेसन्स (सीएफआर)' का वरिष्ठ सदस्य एडवर्ड एल्डेनले एएफपीसँग भन्नुभयो, "मलाई लाग्छ कि अमेरिकी सरकारले स्पष्ट रूपमा आर्थिक सम्बन्धको बिग्रँदो अवस्थालाई कम गर्न प्रयास गरिरहेको छ।

येलेनको यात्राले 'तल्लो स्तरमा वार्ता र छलफलको स्थिर ढाँचा पुनः सुरु गर्न सक्छ," उहाँले भन्नुभयो। "पछिल्लो समय अमेरिकाले समस्यालाई कसरी समाधान दिने भन्नेतिर भन्दा जोखिम कम गर्ने अस्पष्ट रणनीतिलाई अपनाएको देखिन्छ, उहाँले थप्नुभयो।

एल्डेनले भन्नुभयो, "यसको अर्थ रणनीतिक महत्व भएका वस्तुहरूको संकुचित दायरामा ध्यान केन्द्रित गर्नु हो, ती वस्तुहरूको वरिपरि तारबार निर्माण गर्ने प्रयास गर्नु हो। तर अमेरिका-चीन आर्थिक सम्बन्धलाई उचित रूपमा बलियो बनाउन जारी राख्ने प्रयास गर्नु उचित हो।"

तर पर्यवेक्षकहरूले दुई सिद्धान्त र परिवेशबाटअघिबढिरहेकादुईठूलाअर्थतन्त्र भएका मुलुकका जिम्मेवार अधिकारीको भ्रमणले तनावको शीघ्र समाधान दिनेमा खासै आशा नगरेको देखिन्छ।

# नेपाल एसीसी यू-१६ पूर्वी क्षेत्रीय कप क्रिकेटको फाइनलमा

काठमाण्डु । नेपाल एसीसी यू-१६ पूर्वी क्षेत्रीय कप क्रिकेटको फाइनलमा प्रवेश गरेको छ। सिङ्गापुरलाई ९७ रनले पराजित गर्दै नेपालले उपाधि भिडन्त पक्का गरेको हो । नेपालले अब मङ्गलबार फाइनलमा मलेसियासित खेल्नेछ।




मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गर्दै नेपालले निर्धारित ५० ओभरको खेलमा ३५ ओभरमा नौ विकेटको क्षतिमा एक सय ८४ रन बनायो । एक सय ८५ रनको विजयी लक्ष्य पछ्याएको सिङ्गापुरले ३१ दशमलव तीन ओभरमा सवै विकेट गुमाउँदै ८७ रन मात्र बनायो।

खेलको सुरुआतमा ब्याटिङ गर्ने क्रममा नेपालका लागि ओपनरद्वय सूर्यांशु कोइराला र निरजकुमार यादवले पहिलो विकेटका लागि ६३ रनको साझेदारी निभाए । कोइरालाले ४९ बल खेल्दै छ चौकाको मद्दतमा ४३ रनको योगदान दिए । यस्तै यादवले ४९ बल खेल्ने क्रममा एक छक्का र तीन चौका प्रहार गरी ४२ रन बनाए। यसैगरी अभिषेक तिवारीले २५, सन्तोष यादवले १८, दीप भुजेलले अविजित १२, प्रतिक भट्टराईले १२ र कृतिक कामतले १० रन बनाए।

बलिङतर्फ सिङ्गापुरका हरिहरनले तीन तथा हर्ष वेङ्कटरम र कबिर बेर्लियाले दुई/दुई विकेट लिए।

एक सय ८५ रनको विजयी लक्ष्य पछ्याउने क्रममा सिङ्गापुरका लागि रोशन रविचन्द्रनले २४, प्रणव धनुकाले १४ र कविर बेर्लियाले ११ रन बनाए।

बलिङतर्फ नेपालका कार्तिक कामतले तीन तथा सन्तोष यादव, नरेन भट्ट, अशोक धामी, अभिषेक तिवारी र प्रतिक पोखरेलले एक/एक विकेट लिए। रासस

# सुडानी शिविरमा दादुराको कारण १३ बालबालिकाको मृत्यु

**एएनआई**

सुडान । सुडानको ह्वाइट नाइल राज्यको आन्तरिक विस्थापन शिविरमा दादुराको प्रकोप फैलिँदा हालैका हप्ताहरूमा कम्तीमा १३ बालबालिकाको मृत्यु भएको एक स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आइतबार जानकारी गराएको छ।

'डाक्टर्स विदाउट बोर्डर्स' अर्थात् 'मेडिसिन्स सान्स फन्टियर्स (एमएसएफ)' को सुडानी शाखाद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ, "स्थिति गम्भीर छ । शङ्कास्पद दादुरा र बालबालिकामा कुपोषण सबैभन्दा अत्यावश्यक स्वास्थ्य समस्या हो।

एमएसएफको ट्वीटमार्फत् सम्प्रेषित विज्ञप्तिमा भनिएको छ, "सुडानको ह्वाइट नाइल राज्यमा द्वन्द्वबाट भाग्ने मानिसहरूको सङ्ख्या बढ्दो छ।

नौवटा शिविरमा मुख्यतया महिला र बालबालिका गरी लाखौँको सङ्ख्यामा मानिसहरू बसिरहेका छन् ।" गैरसरकारी संस्थाले गत जुन ६ देखि २७ सम्म ह्वाइट नाइल शिविरमा दादुराका शङ्कास्पद २२३ बालबालिकाको उपचार गरेको थियो भने १३ जनाको मृत्यु भएको छ । एमएसएफले सहयोग गर्ने दुईवटा क्लिनिकबाट ७२ जनालाई उपचार गरिरहेको छ।

विज्ञप्तिमा भनिएको छ, "हामीले हरेक दिन दादुराको शङ्कास्पद बिरामी बालबालिकालाई ल्याइरहेका छौं।

गैरसरकारी संस्थाका अनुसार जुन महिनामा यी दुई क्लिनिकमा कूल तीन हजार १४५ जना बिरामी आएका छन्।

उहाँले भन्नुभयो, "जति धेरै मानिस आउँछन्, सहयोग, खोप, पोषण सहायता, आवास, पानी र सरसफाइजस्ता सेवा तत्काल बढाउन आवश्यक छ।

वर्षायाम नजिकिँदै छ र हामी यस क्षेत्रमा पानीजन्य रोग र औलोको प्रकोप बढ्दै गएकोमा चिन्तित छौं।"

गत अप्रिल १५ मा सुडानी सशस्त्र बल (एसएएफ) र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच युद्ध सुरु भएयता सुडानी शरणार्थीको सङ्ख्यामा तीव्र वृद्धि भएको छ।

संयुक्त राष्ट्रसङ्घीय आप्रवासन निकाय (आइओएम) को तथ्याङ्कअनुसार करिब २८ लाख मानिस पलायन भएका छन्।

# बहुमत पाए मुद्रा स्फीति दर कम गर्ने पाकिस्तानी पूर्व प्रधानमन्त्रीको प्रतिवद्धता

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन) का सर्वोच्च नेता एबम् पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफले आगामी आम निर्वाचनबाट बहुमत पाई सत्तामा आएमा देशमा मुद्रास्फीति घटाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।



पाकिस्तानी समाचार च्यानल जिओ न्यूजका अनुसार नवाजले दुबईमा विभिन्न खाडी मुलुकका पीएमएल-एन प्रतिनिधिमण्डलसँग कुरा गर्दै उक्त टिप्पणी गर्नुभएको छ। नवाजले सत्तारुढ दल पीएमएल-एनले जनताले भोगिरहेका सबै समस्या र अप्ठ्याराको समाधान गर्ने बताउनुभएको छ।

स्वास्थ्यको कारण देखाउँदै नोभेम्बर २०१९ देखि लण्डनमा बस्दै आउनुभएका पूर्वप्रधानमन्त्री नवाज र उहाँकी छोरी मरियम नवाज जुन २४ मा संयुक्त अरब इमिरेट्स (युएई) पुग्नुभएको हो।

उनीहरूले पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) का शीर्ष नेता आसिफ अली जरदारी र बिलावल भुट्टो-जरदारीलगायत महत्वपूर्ण पाकिस्तानी नेतासँग आगामी निर्वाचन र पाकिस्तानी समस्याबारे छलफल गर्नुभएको हो।

यसै साताको सुरुमा नवाजले जरदारीसँग दुबईको शेख जायद रोडमा रहेको एक होटलमा भेट गर्नुभएको थियो । स्रोतहरूलाई उद्धृत गर्दै द न्यूज इन्टरनेसनल पत्रिकाले लेखेको छ, "विधानसभा विघटन, आम निर्वाचनको मिति, पञ्जाबमा सीट समायोजन र अन्य महत्वपूर्ण मुद्दाहरूमा दुई प्रमुख राजनीतिक दलका नेताहरूबीच छलफल भएको थियो।"

# ब्राइट फ्युचरद्वारा दोहोरो पदक विजेता उज्ज्वल सम्मानित

**टुडे समाचारदाता**

काठमाण्डु । नैकापस्थित ब्राइट फ्युचर स्कुलले मेक्सिको मजात्लानमा भएको आईएसएफ वर्ल्ड स्कुल तेक्वान्दो च्याम्पियनसिप दोहोरो पदक जित्न सफल उज्ज्वल वाग्लेलाई सोमबार सम्मान गरेको छ।




प्रतियोगिताअन्तर्गत अफिसियल र खुला गरी छुट्टा छुट्टै प्रतिस्पर्धा भएको थियो । उज्ज्वलले अफिसियलतर्फ स्वर्ण तथा खुलामा रजत जितेका हुन्। जुन १८ देखि २६ तारिखसम्म भएको प्रतियोगितामा उज्ज्वलले यु-१८ उमेरसमूहको गेरोगीतर्फ पुरुष ७३ केजीमुनि प्रतिस्पर्धा गरेका थिए। ब्राइट फ्युचरमा कक्षा १० मा अध्ययरत उज्ज्वलको यो नै 'डेब्यु' अन्तर्राष्ट्रिय प्रतियोगिता हो।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष शिव कोईराला, ब्राइट फ्युचरका प्रिन्सिपल दयाराम थापा, ब्राइट फ्युचरका अध्यक्ष मोहन कार्की, चन्द्रागिरी नगरपालिका वडा ४ का अध्यक्ष घनश्याम लुइटेललगायतले उज्ज्वललाई एक कार्यक्रमबीच टीका र खादा लगाएर सम्मान गरे।

उपाध्यक्ष कोईरालाले उज्ज्वललाई सफलताका लागि बधाई दिदै ब्राइट फ्युचरले विभिन्न खेलमा प्रतिभावन खेलाडी उत्पादनमा विशेष योगदान गरेको धारणा व्यक्त गरे।

प्रिन्सिपल थापाले अन्तर ाष्ट्रिय प्रतियोगितामा स्वर्ण र रजत पदक जितेर स्कुलको मान सम्मान र प्रतिष्ठा अन्तर ाष्ट्रियस्तरमा बढाएकोमा उज्ज्वललाई धन्यवादसंगै बधाई दिदै उज्ज्वलले स्कुलको मात्र नभई मुलुकको गौरव समेत बढेको बताए।

अध्यक्ष कार्कीले उज्ज्वलको सफलताले अन्य खेलाडीलाई तेक्वान्दोमा लाग्न प्रेरण मिल्ने बताउदै आगामी दिनमा उज्ज्वलले अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता प्राप्त गर्ने विश्वास व्यक्त गरे।

# इजरायली सेनाले वेस्ट बैङ्कमा गरेको हवाई कारबाहीमा पाँच प्यालेस्टिनीको मृत्यु

**एएफपी**

जेनिन। इजरायली सेनाले सोमबार प्यालेष्टिनी क्षेत्रमा रहेको जेनिनको पश्चिमी किनारा (वेस्ट बैङ्क) क्षेत्रमा ड्रोन आक्रमण गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ।



इजरायली सेनाले जेनिन शरणार्थी शिविरमा गरेको आक्रमणमा सात जनाको मृत्यु हुनुका साथै हेलिकप्टरबाट क्षेप्यास्त्र प्रहार गरिएको दुई हप्तापछि पुनः ड्रोन आक्रमण सुरु भएको हो।

इजरायलले उत्तरी पश्चिम किनारामा रहेको प्यालेस्टिनी सशस्त्र समूहहरूको प्रभाव रहेको जेनिन शहर र यसको नजिकैको शरणार्थी शिविर, इजरायल र प्यालेस्टिनी समुदायहरूमा यहूदी बस्तीहरूबाट आक्रमणहरू भएका भन्दै कारबाही शुरू गरेको जनाएको छ। प्यालेस्टिनीको स्वास्थ्य मन्त्रालयले सोमबारको कारबाहीमा पाँच जनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको जनाएको छ। जेनिनस्थित प्यालेस्टिनी रेड क्रिसेन्टका निर्देशक महमुद अल सादीले एएफपीसँग भन्नुभयो, "ड्रोनमार्फत् बम बारी भइरहेको र जमिनबाट पनि आक्रमण भइरहेको छ।"

उहाँले भन्नुभयो, "धेरै घर र वस्ती वरपर बम बारी भएको छ। जताततैबाट धुवाँ उडिरहेको छ।" इजरायली सेनाले स्थानीय लडाकू समूह 'जेनिन ब्रिगेड'को कमाण्ड पोष्टका रूपमा रहेको संयुक्त कारबाही केन्द्रमा आक्रमण गरेको पुष्टि गरेको छ।

यो क्षेत्र प्यालेष्टिनी नेता महमुद अब्बासको प्यालेस्टिनी प्राधिकरणको नियन्त्रणमा छ र यसको वेस्ट बैङ्कमा आंशिक प्रशासनिक नियन्त्रण छ। सेनाका अनुसार सोमबार बिहानै गरिएको कारबाहीमा 'अवलोकन' स्थल, हतियार भण्डारण केन्द्र र हालैका महिनाहरूमा इजरायलमाथि लक्षित आक्रमण गरेका आरोपित लुकेको ठाउँलाई लक्षित गरिएको थियो।

इजरायल-प्यालेस्टाइन द्वन्द्व गत वर्षको सुरुदेखि नै थप हिंसात्मक बनेको छ। डिसेम्बरमा लिकुड पार्टी र अति दक्षिणपन्थी तथा अति-अनुदारवादी यहूदी सहयोगीहरूबीचको गठबन्धनमा सत्ता सम्हालेका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले सत्ता सम्हालेपछि इजरायल थप आक्रामक बनेको देखिन्छ।

नेतन्याहूको गठबन्धनमा अति दक्षिणपन्थी राष्ट्रिय सुरक्षामन्त्री इतामार बेन-गिभरलगायत कट्टरपन्थी बस्तीबाट निर्वाचित नेताहरू समावेश छन्।

# जलवायु परिवर्तनले भविष्यलाई 'डरलाग्दो' बनाएको संयुक्त राष्ट्रसङ्घीय अधिकारीको भनाइ

**एएफपी**

जेनेभा। जलवायु परिवर्तनले भोकमरी र पीडाको 'साँच्चिकै डरलाग्दो' भविष्य निम्त्याउने खतरा रहेको संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुखले सोमबार चेतावनी दिनुभएको छ।

भोल्कर तुर्कले जलवायु सङ्कटसँग जुझ्दा छोटो अवधिका लागि मात्र सोच्ने विश्वका नेताहरूको आलोचना गर्नुभयो।

तुर्कले खाद्य अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को बहसमा भन्नुभयो, "चरम मौसमी घटनाहरूले बालीनाली, वन्यजन्तु र पारिस्थितिकीय प्रणालीलाई नष्ट पारिरहेको छ । यसले गर्दा समुदायहरूको उच्थान र सहयोगका लागि काम गर्न कठिन बन्दै गएको छ।

"सन् २०२१ मा ८२ करोड ८० लाखभन्दा बढी मानिसले खाद्यान्न असुरक्षा र अभावको सामना गरिरहेकोमा जलवायु परिवर्तनले यस शताब्दीको मध्यसम्ममा थप आठ करोड मानिस भोकमरीको जोखिममा पर्ने अनुमान गरिएको छ," तुर्कले भन्नुभयो।

उहाँले भन्नुभयो, "मानव जीवन थप कष्टकर बन्ने वातावरणको सिर्जना भएको छ । हाम्रो वातावरण जलिरहेको छ। यो पग्लिरहेको छ। बाढी आएको छ।

उत्पादनहरू घट्दै गएको छ। वातावरण सुख्खा बनिरहेको छ।"

जलवायु परिवर्तनलाई सम्बोधन गर्नु मानव अधिकारको मुद्दा भएको र जलवायु परिवर्तनबाट आउने जटिल सङ्कट टार्न अझै पनि कार्म गर्न समय छ। तर त्यो समय अहिले नै भएको र ढिलो गर्नु नहुने उहाँले बताउनुभयो।

# टोकियोमा विस्फोट, चार जना घाइते



**एएफपी**

टोकियो। जापानको राजधानी टोकियोको शिम्बाशी नजिकै सोमबार दिउँसो भएको विस्फोटमा परी चार जना घाइते भएका छन्।

स्थानीय प्रहरी विभागका अनुसार स्थानीय समयअनुसार अपराह्न ३:१५ बजे जेआर शिम्बाशी स्टेसनबाट करिब ३०० मिटरको दूरीमा रहेको आठ तले भवनमा विस्फोटपछि आगलागी भएको थियो। टोकियो नगर प्रहरी विभागका अनुसार विस्फोटमा परी चार जना सामान्य घाइते भएका छन्, जसमध्ये दुई जना पैदल यात्री र दुई जना रेष्टुरेन्टका कर्मचारी रहेका छन्।

विस्फोट हुँदा घटनास्थलबाट निकै टाढासम्म विस्फोटको आवाज सुनिएको र त्यसपछि भवनको दोस्रो तल्लाको एउटा कोठाबाट धेरै टुक्राहरू उडिरहेको देखिएको थियो। आगो तीव्र गतिमा फैलनुअघि ग्यासको हल्का गन्धसँगै कोठामा धुवाँको मुस्लो देखिएको स्थानीय सञ्चारमाध्यमले उल्लेख गरेका छन्। घटनामा घाइते भएका व्यक्तिहरूको कपाल र लुगाहरू आंशिक रूपमा जलेका छन् । अग्नि नियन्त्रक विभागका अनुसार भवनको दोस्रो र तेस्रो तल्ला पूर्णरूपमा जलेको छ भने आगो निभाउन करिब ३१ वटा दमकल पठाइएको छ।

घटनास्थल टोकियोको प्रमुख इन्टरचेन्ज रेलवे स्टेशनहरू मध्ये एक र गिन्जा किनमेल क्षेत्रबाट केवल १० मिनेटको पैदल दूरीमा धेरै कार्यालय, रेस्टुरेन्ट र आवासीय क्षेत्र रहेको शिम्बाशी स्टेशनको ३०० मीटर पश्चिममा पर्छ । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ।

# हेगस्थित बेलारुसको दूतावासमा आक्रमण

**एएनआई**

हेग । हेगमा रहेको बेलारूसी दूतावासमा आइतबार अज्ञात व्यक्तिहरूले आक्रमण गरेको रूसी समाचार एजेन्सी तासले जनाएको छ।

"घटना जुलाई २ मा बिहानको समयमा भएको," बेलारूसी दूतावासले उल्लेख गरेको छ। दूतावासले आक्रमणकारीहरूलाई डच प्रहरीले नियन्त्रणमा लिएको जानकारी दिएको छ।

डच प्रसारकका अनुसार आक्रमणकारीहरूले दूतावासको भवनको झ्यालहरू तोडेको र भवनमा ढुङ्गा प्रहार गरेको बताएका छन्।

आक्रमणकारीहरूले भवना भित्ताहरूमा विभिन्न किसिमका नाराहरू पनि लेखेका थिए।

# श्रीलङ्कामा निजी विश्वविद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूलाई निर्व्याज ऋण व्यवस्था

**सिन्ह्वा**

कोलम्बो । सन् २०१९ देखि २०२१ सम्म विश्वविद्यालयको प्रवेश परीक्षा दिएका श्रीलङ्काका विद्यार्थीहरूलाई निजी विश्वविद्यालयहरूमा अध्ययन गर्न चाहेमा निर्व्याज ऋणको व्यास्था गरिदैछ।

त्यसका लागि मङ्गलबारदेखि शुक्रबारसम्म आवेदन दिन सकिने वरिष्ठ अधिकारीले बताएका छन्।

ऋण योजनाका लागि ५ हजार विद्यार्थी छनोट गर्ने सरकारको योजना रहेको अर्थ राज्यमन्त्री रञ्जित सियाम्बलापिटियाले कोलम्बोमा बताएका छन्।

मन्त्रीले छनोट भएका विद्यार्थीहरूले रोजगार मूलक पाठ्यक्रमहरू अपनाउँनु पर्नेछ । प्रत्येक विद्यार्थीका लागि सरकारी बैंकबाट उपलब्ध गराइने व्याजरहित ऋण ११ लाख रुपैयाँ (करिब ३ हजार ४ सय अमेरिकी डलर)सम्म रहेको बताइएको छ।

सन् २०२३ मा विश्वविद्यालय प्रवेश परीक्षामा ३३३, ७०० भन्दा बढी विद्यार्थीहरू सहभागी थिए । ती मध्ये केवल ३०, ००० विद्यार्थीहरू राज्यको स्वामित्वमा रहेका विश्वविद्यालयहरूमा प्रवेश पाउँन सक्छन्।



लगातारको वर्षाले बढेको नारायणी नदी र किनारमा सोमबार साँझ घुम्न आएका आन्तरिक पर्यटक । नदी किनारलाई रिभर विच मोडेलमा विकास गरेपछि यहाँ घुम्न आउनेको संख्या बढेको छ । *तस्विर : रासस*

# पचास प्रतिशत अनुदानमा किसानलाई कृषियन्त्र



सिन्धुली । कमलमाई नगरपालिकाले व्यावसायिक कृषि प्रवर्द्धन गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा किसानलाई कृषियन्त्र वितरण गरेको छ । चौध वडामा रहेका किसानलाई कृषियन्त्र वितरण गरिएको हो ।

कृषि यान्त्रीकरण, प्रविधिको प्रयोग गरी जीविकोपार्जन मात्र नभई व्यावसायिक कृषि प्रवर्द्धन गर्ने उद्देश्यले नगरका किसानलाई कृषियन्त्र वितरण गरिएको कमलामाई नगरपालिकाकी उपमेयर मञ्जु देवकोटाले बताउनुभयो । अहिले धान रोपाइँ गर्ने बेलामा लम्पी स्कीन रोगबाट गोरु बिरामी पर्दा किसानलाई धान रोपाइँ गर्न समस्या भएको उहाँको भनाइ छ । कमलामाई नगरपालिकाले वितरण गरेको मिनी ट्रेलर र पावर ट्रेलरले धान रोपाइँ गर्न सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

मिनी ट्रेलर पाएपछि अब खेती गर्न किसानलाई निकै सहज र सरल हुनुका साथै कम समयमा बढी उत्पादन लिन सक्ने र आधुनिक कृषियन्त्रको सहाराले कृषिमा ठूलो परिवर्तन आउने बताउनुभयो । कमलामाई नगरपालिकाले किसानलाई कृषि खेती गर्ने सीपसहित प्रविधि, प्राविधिकको उपलब्धता गराउँदै आएको उहाँले बताउनुभयो। उहाँले अनुदान पाउनका लागि निवेदन दर्ता गराएका किसानको घर-घरमा पुगेर अनुगमन गरी ५० प्रतिशत अनुदान पाउने किसान छनोट गरेर उनीहरूलाई यन्त्र उपलब्ध गराइएको बताउनुभयो । छनोटमा परेका किसानले कृषिलाई व्यवसायीकरण गर्ने जनाएकाले आधुनिक उपकरणले सो कामलाई सहज बनाउने बताउनुभयो ।

किसानको मागको आधारमा नगरपालिकाले किसानको परम्परागत खेतीलाई व्यावसायिक बनाउने गरी कार्यक्रम सञ्चालन गर्दै नगरपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको उहाँले बताउनुभयो । कृषिको व्यावसायिकताले युवालाई विदेश पलायन हुनबाट रोकी यही स्वरोजगार बनाउने, यहाँको पैसा तरकारीका नाममा अन्यन्त्र नजाँदा यहींका जनाता आर्थिकरुपमा सवल हुने उहाँले बताउनुभयो ।

कमलामाई नगरपालिकाले ५० प्रतिशत अनुदानमा ६४ जना किसानलाई मिनी ट्रेलर र चार जना किसानलाई पावर ट्रेलर वितरण गरेको कृषि शाखाका सरोज फुयालले जानकारी दिनुभयो । यस आर्थिक वर्षमा नगरपालिकाले ५० प्रतिशत अनुदानमा एक सय ७० जनालाई टनेल प्लाष्टिक, ८५ जनालाई मौरीको घर र २५ मेट्रिक टन धानको बीउ वितरण गरेको उहाँले जानकारी दिनुभयो ।

कमलामाई नगरपालिकाले एक वडा एक उत्पादन कार्यक्रमअन्तर्गत हरेक वडामा एक बालीलाई प्राथमिकता दिइएको र कृषिको व्यावसायिक खेतीका लागि हरेक वडामा समूह र सहकारीमार्फत रु दुई लाख प्रदान गरिएको उहाँको भनाइ छ । कमलामाई नगरपालिकाले एक वडा एक उत्पादन अन्तर्गत वडा नं. १, ३, ४, ६, ७, १०, ११, १२ तरकारी, वडा नं २ मा अदुवा पकेट कार्यक्रम, वडा नं ५ मा ५ अदुवा वेसार, वडा नं ८ मा भुई कटहर, वडा नं ९ मा लिचि र वडा नं १३ र १४ मा चैते धान खेतीलाई प्राथमिकता दिएको उहाँको भनाइ छ । रासस

# मधेश प्रदेशमा नौ प्रतिशत मात्र धान रोपाइँ

वीरगञ्ज । अन्नको भण्डार मानिएको मधेश प्रदेशका जिल्लामा यस वर्ष समयमा धान रोपाइँ हुन सकेको छैन ।



असारको तेस्रो सात्ता बित्नै लाग्दा अहिलेसम्म मधेश प्रदेशमा करिब नौ दशमलव ५२ प्रतिशत खेतीयोग्य जग्गामा मात्र धान रोपाइँ हुन सकेको छ । समयमा वर्षा नहुदाँ यो प्रदेशको ९० दशमलव ४८ प्रतिशत खेत अझै बाँझो रहेको मधेश प्रदेश कृषि विकास निर्देशनालय नक्टाझिझ धनुषाका निमित्त कमलदेव कुशवाहाले जानकारी दिनुभयो ।

अहिलेसम्म मधेश प्रदेशमा सबैभन्दा बढी सप्तरी र सिरहामा १५/१५ प्रतिशत र सबैभन्दा कम रौतहट, धनुषा, महोत्तरीमा पाँच/पाँच प्रतिशत जग्गामा मात्र धान रोपाइँ भएको निमित्त निर्देशक कुशवाहाले बताउनुभयो । लामो समयदेखि वर्षा नहुँदा वैकल्पिक सिँचाइको प्रबन्ध मिलाएरै भए पनि किसान धान रोपाइँ गरिरहेको उहाँको भनाइ छ।

उहाँका अनुसार सप्तरी र सिरहामा १५/१५ प्रतिशत, सर्लाहीमा १२ प्रतिशत, बारामा १० प्रतिशत, पर्सामा छ प्रतिशत र धनुषा र बारामा ६०/६० प्रतिशत, सिरहा र सर्लाहीमा ५५/५५ प्रतिशत, रौतटहमा ५० प्रतिशत, महोत्तरीमा ४५ प्रतिशत र पर्सामा ४२ प्रतिशत मात्र धान रोपाइँ हुन सकेको छ। पर्सामा ५४ हजार सात सय ३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार एक सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ।

त्यस्तै सप्तरीमा कुल ८१ हजार छ सय ६८ हेक्टर खेतीयोग्य जग्गामध्ये ६८ हजार हेक्टर क्षेत्रफलमा, सिरहामा कूल ७३ हजार नौ सय १४ हेक्टर खेतीयोग्य जग्गामध्ये ५४ हजार हेक्टरमा धान रोपाइँ हुने गरेको छ । त्यस्तै महोत्तरी जिल्लामा ६७ हजार तीन सय ५२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार पाँच सय हेक्टरमा, बारामा ६२ हजार आठ सय २३ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकोमा ४६ हजार २० हेक्टरमा, रौतहटको ५३ हजार पाँच सय २० हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकोमा ३८ हजार एक सय हेक्टरमा धान खेती हुने गरेको मन्त्रालयले जनाएको छ।

यस्तै धनुषामा ७६ हजार पाँच सय ३१ हेक्टर क्षेत्रफलको खेतीयोग्य जग्गामध्ये ५९ हजार हेक्टरमा र सर्लाहीको ८४ हजार छ सय ७८ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार सात सय हेक्टरमा धान रोपाइँ हुन्छ । हालसम्म सप्तरीमा १० हजार दुई सय हेक्टर, सिरहामा आठ हजार एक सय हेक्टर, सर्लाहीमा पाँच हजार पाँच सय २० हेक्टर, बारामा चार हजार छ सय दुई हेक्टर, पर्सामा दुई हजार आठ सय २८ हेक्टर, रौतहटमा एक हजार ७५० हेक्टर, धनुषामा दुई हजार नौ सय र महोत्तरीमा दुई हजार तीन सय ७५ हेक्टर जग्गामा मात्र धान रोपाइँ हुन सकेको निमित्त निर्देशक कुशवाहाले जानकारी दिनुभयो ।

समयमा वर्षा नहुनु, ढिलो गरी धानको बेर्ना तयार भएको, ढिलाई गरी धान रोपाइँ गर्ने प्रवृत्तिलगायतका कारण अन्नको भण्डार मानिएको मधेश प्रदेशमा यस वर्ष निरासाजनक रुपमा धान रोपाइँ भएको उहाँले बताउनुभयो । लामो समयदेखि वर्षा नभएपछि अहिले किसान पानी तान्ने मोटर तथा अन्य वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर रोपाइँ गरिरहेका छन् भन्ने अधिकांश किसान अझै आकाशे पानीको प्रतीक्षामा छन् । एकातिर किसानले जेनतेन वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर धान रोपाइँ गरे पनि वर्षा नहुदाँ रोपाइँ सुक्न थोलेको छ।

"पान्नी तान्ने मोटर लगाएरै करिब पाँच कठ्ठा जग्गामा धान रोपाइँ गरे", पर्साको बहुदरमाई नगरपालिका-५ का किसान नवलकिशोर साहले भन्नुभयो, "वर्षा ठयाप्पै रोकिएपछि अहिले एकातिर धान रोपाइँ गर्न पाएका छैनौँ भने अर्कोतिर रोपिएको धानसमेत सुक्न थालेको छ", अब पनि केही दिन पानी नपरेर ठूलो खडेरीको मार खेप्नुपर्ने हुन्छ, उहाँको चिन्ता छ।

सिँचाइबाहेक मलखाद्य र कृषि मजदुरको आभावमा पनि बर्सेनि धानखेती प्रभावित हुँदै आएका छन् । एकातिर सिँचाईको अभाव अर्कोतिर आवश्यकताअनुसार कृषि मजदुर नपाइने गरेकाले धान रोपाइँमा समस्या हुने गरेको किसानको गुनासो छ।

यसरी सिँचाइ, मलखाद्य र मजदुरको आभावमा मधेश प्रदेशमा धान रोपाइँ प्रभावित हुँदा खडेरीको चिन्ता बढेको कृषि विज्ञको भनाइ छ। मधेश प्रदेशका जिल्लामा बर्सेनि भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएको छ।

# नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले अर्घाखाँची जिल्ला छत्रदेव गाउँपालिका वडा नम्बर-२ स्थित बल्कोटमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ।

यो सँगै लुम्बिनी प्रदेशमा बैंकको ४ वटा एक्सटेन्सन काउन्टर भएका छन्।

छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ र बैंकका अर्घाखाँची शाखा प्रमुख लक्ष्मण क्षेत्रीले संयुक्त रुपमा उक्त एक्सटेन्सन काउन्टरको उद्घाटन गरेका हुन् । उद्घाटन गर्दै अध्यक्ष श्रेष्ठले आर्थिक कारोबार अब बैंकमार्फत नै हुने भएकाले त्यस क्षेत्रका बासिन्दाहरूलाई सहज हुने बताए। कार्यक्रममा छत्रदेव गाउँपालिकाका वडा नम्बर-२ का वडा अध्यक्ष शंखर पाण्डे, सोही वडाका पूर्व वडा अध्यक्ष राजेश कुमार पन्थी, वडा नम्बर-३ का वडा अध्यक्ष तेज प्रसाद खनालगायत स्थानीय बुद्धिजिवी तथा सर्वसाधारणको उपस्थिति रहेका थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथिहरूले बैंकिङ सेवाको पहुँच बाहिर रहेको बल्कोट तथा आसपास क्षेत्रमा बसोबास गर्ने सेवाग्राही तथा उद्योग व्यवसायीहरूलाई बैंकिङ सुविधा सहज रुपमा उपलब्ध हुने बताए। बैंकका अर्घाखाँची शाखा प्रमुखले सेवाग्राहीहरूलाई एक्सटेन्सन काउन्टरमार्फत बैंकले प्रभावकारी सेवा दिइने बताए।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव ३२ अङ्कले ओरालो लागेर दुई हजार ७५ दशमलव ९७ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव १७ अङ्कले ओरालो लागेर तीन सय ८६ दशमलव ३५ मा सीमित भएको छ। कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्यमा बृद्धि हुँदा ११ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ। कूल ९४ लाख १८ हजार नौ सय ५२ कित्ता शेयर रू चार अर्ब पाँच करोड १० लाख ७८ हजार तीन सय ७५ मूल्यमा खरिद बिक्री भएका छन्।

कारोबारका आधारमा हिमालयन लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रू २३ करोड ९४ लाख ४५ हजार सात सय ८५ बराबरको कारोबार भएको छ। रासस


## हकदावीको सूचना

धनुषा जिल्ला, जनकपुरधाम वडा नं. १० मा बस्ने वर्ष ७६ को श्री सोने लाल कर्ण को नाति, श्री पिताम्बर लाल कर्ण छोरो, श्री हिरानन्द लाल कर्ण को यही मिति २०८०/०२/३१ गते मा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं ००७०५०८००१९३५५ मा रहेको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको छोराहरु राजेन्द्र लाल कर्ण र राधवेन्द्र कुमार कर्णले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदिका वाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सवूत प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ र अन्यथा माग दावी बमोजिम भई जाने ब्योहरा यसै सूचना द्वारा सूचित गरिन्छ ।

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.**
**NEPAL INVESTMENT MEGA BANK LTD**
**शाखा कार्यालय, जनकपुर धनुषा फोन न. ०४१५२७३७१**



## अवैध मदिरा खरिद बिक्री नगर्ने नगराउने सम्बन्धमा आन्तरिक राजश्व कार्यालय, जनकपुरधामको जरूरी सूचना

अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९ बमोजिम इजाजतपत्रवालाले मात्र स्वदेशी तथा विदेशी मदिराको कारोवार गर्नुपर्ने, अन्तःशुल्क टिकट लगाईएका मदिराहरुको मात्र खरिद विक्री गर्नुपर्ने तथा विदेबाट पैठारी भई आएका मदिराजन्य वस्तुमा विभागले तोके बमोजिमको स्थानमा अन्तःशुल्क टिकट टाँस गरेर मात्र बिक्री वितरण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

हाल बजार अनुगमनका क्रममा विभिन्न व्यवसाय, होटल, क्यासिनो, पार्टी प्यालेस, ब्याङक्बेट, रेष्टुरेन्ट समेतले अवैध रुपमा चोरी पैठारी भई आएका विभिन्न ब्राण्डका विदेशी मदिराको भण्डारण, सञ्चय, खरिद, विक्री एवम् प्रयोग गरिरहेको सम्बन्धमा आन्तरिक राजश्व कार्यालय, जनकपुरधामको गम्भीर ध्यानाकर्षण भएको छ। अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९ को व्यवस्था विपरित कोही कसैले मदिराको पैठारी, खरिद, बिक्री, प्रयोग लगायतको कारोवार नगर्न नगराउन हुन जानकारी गराइन्छ। अनुगमनक क्रममा कोही कसैले उल्लिखित कानूनी व्यवस्थाको उलंघन गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचना मार्फत सुचित गरिन्छ ।

**आन्तरिक राजश्व कार्यालय**
**जनकपुरधाम, धनुषा**



**मधेश प्रदेश सरकार**

**गृह सञ्चार तथा कानून मन्त्रालय**

## आवश्यक सतर्कता अपनाउने सम्बन्धी सूचना

- लागु औषधको प्रयोग र विक्री वितरण गर्नु व्यक्ति जीवनलाई वर्वाद पार्नू, समाजमा विकृति भित्राउनु र कानूनको बर्खिलाप गर्नु हो । त्यसैले यस्तो किसिमको कार्य गर्नु कानूनी रुपमा दण्डनिय अपराध हो ।
- लागू औषधको आयात, निर्यात, ओसार पसार तथा विक्री वितरण जस्ता कार्य कानूनी रुपमाजधन्य अपराध हो । त्यसैले यस्तो क्रियाकलाप बाट टाढा बसौं ।
- हावाहुरीको कारणले आगलागी तथा डढेलोको प्रकोप हुन सक्ने भएकोले सहजता अपनाउनु होस् ।
- खाना पकाई सकेपछि चुलोको आगो राम्रो सँग निभाउनु होस् ।
- साँझको समयमा अनावश्यक आगो नबाल्नु होस् ।
- सलाई, लाइटर आदी सामग्री बच्चाहरुको पहुचबाट टाढा राख्नु होस् ।
- अग्निजन्य वस्तुहरुको नजिकमा आगो नसल्काउनु होस् । जस्तै पराल, दाउरा र अन्य चुरोट, बिडी खाएर जथाभावी न फाल्नु होस् ।
- विद्युतीय उपकरणहरु प्रयोगमा ल्याउँदा सजगता अपनाउनु होस् ।

# दोस्रो दिन पनि अदालत ठप्प

टुडे समाचारदाता



जनकपुरधाम । नेपाल बार एशोसिएशन जनकपुरधामले दोस्रो दिन पनि बेञ्च बहिष्कार गरेका छन् । सामेबार पनि बेञ्च बहिष्कार गर्दा अदालतको कामकाज ठप्प भएको छ ।

ललितपुर जिल्ला अदालतमा गएको बुधबार नायब सुब्बा प्रेमिका तामाङ र कानुन व्यवसायी अमिर लामिछानेबीच विवाद भएको थियो । सोही कारण देशभरका वकिलहरुले बन्द प्रत्यक्षीकरण बाहेकको मुद्दामा बेञ्च बहिष्कार गरेका थिए ।

वकिलहरुले बेञ्च बहिष्कार गर्दा मधेश प्रदेशका उच्च अदालत जनकपुर, यसको शाखा इजलास र जिल्ला अदालतहरुमा पनि मुद्दाको काम प्रभावित भएको छ ।

सोमबार उच्च अदालत जनकपुरमा एक सय ९ मुद्दामा पेशी चढेको थियो । तर एक ६ वटा मुद्दा स्थगित नै गरिएको थियो । यस्तै, जिल्ला अदालत धनुषामा पनि एक सय ३६ वटा मुद्दामा पेशी चढे पनि ८९ वटा स्थगित भएका थिए भने अन्यमा सुनुवाइ भएको छ । जिल्ला अदालत धनुषाले सोमबार सात वटा मुद्दा फैसला र १६ वटामा आदेश दिएका छन् । तर, मंगलबारदेखि एशोसिएशनले बेञ्च बहिष्कार नगर्ने विज्ञप्ति जारी गरेका छन् । यद्यपि विरोध जारी रहने बताइएको छ ।

वकिल रिंकु कुमारी यादवले मंगलबार बेञ्च बहिष्कार नहुने बताइन् । तर खाजा खाने समय वा उपयुक्त समयमा विरोधका कार्यक्रमलाई निरन्तरता दिइने उनको भनाइ छ । अर्को सूचना नभएसम्मको लागि नियमित काम कारबाही गर्दै माग पूरा नभएसम्म दबाबमूलक कार्यक्रम गरिराख्ने उनले जानकारी दिइन् ।

एशोसिएशनले ललितपुर जिल्ला अदालतका नायब सुब्बा प्रेमिका तामाङ र अदालतका श्रेस्तेदारलाई सरुवा गर्न माग गरेका छन् । घटनाको छानबीन गर्न तत्काल समिति गठन, अधिवक्ता अमिर लामिछानेविरुद्ध दायर गरिएके मुद्दा फिर्ता र लामिछानेले दिएको मुद्दा दर्तालगायतको माग गरिएको छ ।

नेपाल बार एशोसिएशन जनकपुरधामका अध्यक्ष बलराम सुवेदीले विरोध कार्यक्रमलाई सम्बोधन गर्दै न्यायालयभित्रको भ्रष्टाचार अन्त्य गर्नुपर्ने बताए ।

स्वतन्त्र न्यायापालिकालाई निष्पक्ष बन्न नदिन अदालतको कर्मचारीहरु बाधक बनेको उनको आरोप छ । उनले अधिवक्ता लामिछानेलाई न्याय दिनुपर्ने उनले जिकिर गरे । अदालतको विकृति विसंगति अन्त्य गर्न सबै पक्षले आफ्नो दायित्व पूरा गर्नुपर्ने उनले बताए ।

# बालकको मृत्यु, राजमार्गमा चक्काजाम

टुडे समाचारदाता



मलंगवा । सर्लाहीको हरिवनमा विद्यालयको गेट भत्किदा एक बालकको मृत्यु भएको छ । अर्का एक जना गम्भीर घाइते भएका छन् ।

सोमबार बिहान हरिवन नगरपालिका-९ नयाँ रोडमा रहेको ज्ञान ज्योति आवासीय इङ्लिस बोर्डिङ स्कूलको गेट भत्किँदा च्यापिएर सोही विद्यालयमा अध्ययन गर्ने बागमती-४ जिरायतका आकाश बलका ४ वर्षीय छोरा आयुष बलको मृत्यु भएको छ । सोही घटनामा परेर अर्का बालक ७ वर्षीय आदित्य पनि गम्भीर घाइते भएका छन् ।

बिहान विद्यालय पुगेका उनीहरू गेटबाट भित्र जाँदै गर्दा स्कुलको फलामे गेट लडेको थियो । सोही क्रममा दुवै जनालाई फलामे गेटले किचेको ईलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ ।

घटना लगतै उपचारको लागि दुवै जनालाई नमुना अस्पताल हरिवन पुऱ्याएको थियो । सोही क्रममा ४ वर्षीय आयुषको उपचारको क्रममा मृत्यु भएको छ ।

अर्का घाइते बालकको वीरगञ्जमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक शिवराम थापाले जानकारी दिए ।

घटनाको विषयमा थप अनुसन्धान सुरु गरिएको प्रहरी निरीक्षक थापाले जानकारी दिए ।

यसैबीच,बालकको मृत्यु भएपछि आफन्त एवं स्थानीय बासिन्दाले महेन्द्र राजमार्गमा चक्काजाम गरेका छन् ।

सोमबार दिउँसो साँढे ४ बजेदेखि हरिवन नगरपालिका-९ नयाँ रोड स्थित महेन्द्र राजमार्गमा टायर बालेर मृतक बालकका आफन्त एवं स्थानीय बासिन्दाले अवरोध गरेका छन् ।

पीडित परिवार एवं आफन्तजनलाई सम्झाइ बुझाइ राजमार्गको अवरोध हटाउने प्रयास गरिरहेका जिल्ला प्रहरी कार्यालय मलंगवाले जनाएको छ ।

पीडित परिवार एवं आफन्तले विद्यालय सञ्चालकको लापरबाहीले आफ्नो बालकको मृत्यु भएको भन्दै दोषीमाथि कारबाही तथा उचित क्षतिपूर्तिको माग राख्दै महेन्द्र राजमार्गमा चक्काजाम गरेको छ ।

हरिवनको नमुना अस्पतालमा रहेको मृतक बालकको शव समेत परिवारजनले नबुझ्केको तथा विद्यालयमासमेत सामान्य तोडफोड भएको स्थानीयले बताएका छन् ।

## १७ वर्षअघि टोलीको गल्ती

# दुई पुस्ता जन्मसिद्ध, सास्ती भोग्दै सन्तान

कमलेश ठाकुर



जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-७ का राहुल कुमार यादव स्नातकमा अध्ययनरत विद्यार्थी हुन् । उनी पढाइसंगै जागिर तथा व्यवासय गर्न चाहन्छन् । तर नागरिकता अभावमा उनले दुबै काम गर्न हिच्कीचाइ रहेका छन् । नागरिकता नहुँदा दुबै काम सफल हुन नसक्ने उनको चिन्ता छ ।

यही असार ७ गते सर्वोच्च अदालतले नागरिकता ऐन २०६३ को संशोधन विधेयकमाथि परेको रिटमा यसअघि दिएको आदेशलाई निरन्तरता नदिने आदेश दिएको थियो । यी खबर सुनेर राहुलका परिवारजन खुशी भएलगत्तै उनले चिनेजानेकासँग नागरिकता प्राप्त गर्ने विधि र कागजात बारे जानकारी लिए । त्यही दिन अनलाइनमार्फत जिल्ला प्रशासन कार्यालय धनुषाबाट उनले टोकन पनि लिए ।

यही असार १० गते उनलाई टोकनमार्फत समय दिइएको थियो । उनी आफ्नो बुवालाई लिएर सबै कागजातसहित दिइएको मितिमा कार्यालय पुगे । तर, काम हुन सकेनन् । उनी जिल्ला प्रशासन कार्यालय धाउन थालेको एक साता वितिसक्यो । उनले अनलाइनमार्फत लिएको टोकनको म्यादसमेत नाघिसक्यो । तर, उनको काम भने अझै हुन सकेको छैन् । हुने/नहुने कुनै टुङ्गो पनि छैन् । कारण, २०६३ माघमा खटिएको नागरिकता टोलीले उनको आमा सरिता देवी यादव र बुवा ठकाइ प्रसाद यादवको नागरिकतामा गल्ती गरिदिएको धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल बताउँछन् ।

उनका अनुसार राहुलको आमाबुबाको नागरिकता संशोधन गरेर मात्रै उनले नागरिकता पाउने छन् ।'केही कारणले नागरिकताको किसिममा गल्ती देखिएको छ । त्यतिबेला नै उनको आमाबुवा वंशज नागरिकता पाउनुपर्ने थियो,'सिडिओ दाहालले भने,'नागरिकताको किसिममा गल्ती देखिएको छ । त्यसलाई संशोधन गर्नुपर्छ ।'

०६३ मा खटिएको नागरिकता टोलीका अधिकारी धुव्र प्रसाद गजुरेलले ०६३ माघ ८ गते जारी गरेको नागरिकतामा उनको आमा र बुवा दुबैलाई जन्मसिद्ध नागरिकता दिएका थिए ।

उनको हजुरबुवा जयविर यादवको जन्मसिद्ध हुँदा हुँदै उनको बुवा ठकाइ यादवलाई पनि जन्मसिद्ध नै नागरिकता दिएको देखिन्छ । उनको आमा सरिता यादवको माइती पक्ष वंशज भए पनि टोलीले उनलाई जन्मसिद्धनै दिए ।

'कर्मचारीले त्यतिबेला मेरो आमाबुबालाई वंशज नागरिकता दिनुपर्ने थियो, दिएनन,'उनले भने,'अहिले बिना कारण मेरो रोकेर राखेको छ । कर्मचारीकै गल्तीको कारण १७ वर्षदेखि म अनागरिक भएर बसेको छु,केही गर्न पाएको छैन् ।'

अहिले पुनः धनुषाको प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले उनलाई आमाबुवाको नागरिकताको किसिम संशोधन गरी वंशज बनाउनुपर्ने बताउँदै आएका छन् । तर त्यसको लागि गृह मन्त्रालयमा जिल्ला प्रशासन कार्यालय धनुषाले राय मागेको छ । जवाफ आइ नसकेको हुनाले दिने/नदिने वा के गर्ने विषयमा निर्णय लिन नसकेको दाहालले बताए ।

प्रजिअ दाहालले धनुषामा हालसम्म एक सय बढी यस्तो समस्या भएको फाइल आएको बताए । सोही कारण सबै फाइल कार्यालयमा राखिएको छ । गृह मन्त्रालयलाई राय पठाइएको छ । उताबाट जवाफ नआएसम्म दिन नमिल्ने उनको भनाइ छ ।

### साक्षरको गल्ती, निरक्षरलाई सजाय

लक्ष्मीनियाँ गाउँपालिका ४ का रामसहाय दासको आमा सिकिलिया देवी र बुवा रामप्रवेश दास निरक्षर छन् । रामप्रवेशको बुवाआमा जन्मसिद्ध नागरिक छन् । तर ०६३ कै टोलीमा सिकिलिया देवी र रामप्रवेशले पनि जन्मसिद्ध नागरिककै आधारमा नागरिकता पाए ।

'हामीलाई थाहा नै थिएनन् । बस नागरिकता भए पुग्छ भन्ने लागथ्यो । जन्मसिद्ध नागरिकको सन्तानले नागरिकता पाउन यस्तो झमेला हुन्छ ? कहाँ थाह थियो,'रामप्रवेशले भने,'तर कर्मचारीले गरेको गल्तीको सजाय हामीले पाइरहेका छौं । यो अन्याय हो ।'

नागरिकता नहुँदा रामसहाय दास ऋणमा डुबेको दाबी गर्छन् । नागरिकता भएपछि व्यापार व्यवसाय वा पासपोर्ट बनाएर विदेश गएर ऋण तिर्ने उनको योजना थियो । आमाबुवा निरक्षर भए पनि नागरिकता बनाउने साक्षर कर्मचारीको गल्तीले अनागरिक बन्नु परेको उनको बिलौना छ । राहुल र रामसहाय यस्ता समस्याका प्रतिनिधिमूलक पात्र छन् । उनी जस्तै दैनिक युवाहरु पढाइ र काम छोडर कार्यालय जान्छन् । तर, रितै हात फर्कन्छन ।

अधिवक्ता रिंकु कुमारी यादवले जन्मसिद्धको सन्तानले टोलीमा वंशज नागरिकता नै पाउने पर्ने दावी गर्छन् । ०६३ को टोलीमा व्यापक त्रुटि भएको उनको ठहर छ ।

'नागरिकमा जनचेतना अभाव र हतारहतार लिनुपर्ने मनसाय देखिन्थ्यो,'उनले भने,'त्यतिबेलाको कर्मचारीहरुमा पनि अनुशिक्षण अभाव थियो । अहिले त्रुटिहरु बाहिर आउँदा त्यो कुरा पुष्टि हुन थालेको छ ।' वंशज नागरिकको एक जनालाई जन्मसिद्ध दिएको घटना उनले सुनाए । तीन वर्षअघि उक्त व्यक्तिलाई अदालतबाट वंशज नागरिकता दिइएको उनले बताए ।

### नियामावली अभाव

मिथिला नगरपालिका वडा नम्बर ४ का मनोज कुमार यादवको बुवा महेन्द्र यादवको मृत्यु भइसकेको छ । ०५७ असोज १५ गते नागरिकता नहुँदै उनको निधन भएको थियो ।

नागरिकता टोलीले ०६३ सालमा उनको आमा राजकुमारी यादवलाई जन्मको आधारमा नागरिकता दिएको थियो । तर, उनको सन्तान मनोजलाई अहिले नियामावली नआएको भन्दै जिल्ला प्रशासन कार्यालय धनुषाले तत्काल नागरिकता नदिने भन्दै आएका छन् । यस विषयमा धनुषा प्रमुख जिल्ला अधिकारी दाहालले गृह मन्त्रालयले नियामावली नबनाएको हुनाले दिन नसकिएको बताए ।

'यसमा केही समस्या छैन् । मन्त्रालयले आमाको नामबाट नागरिकता दिने नियामावली नबनाएको हुनाले हामीले आमाको नामबाट नागरिकता वितरण सुरु गरेका छैनौं,'उनले भने,'नियामावली बनाएपछि आमाको नामबाट पनि नागरिकता दिन्छौं ।'

# विद्युत् ट्रान्सफर्मर चोरी गर्ने पक्राउ



टुडे समाचारदाता

गरुडा । लामो समयदेखि रौतहटको विभिन्न स्थानबाट विद्युत् ट्रान्सफर्मर चोरी गर्न सक्रिय रहेको एउटा गिरोहलाई प्रहरीले पक्राउ गर्न सफल भएको छ ।

जिल्लाको विभिन्न खुला एकान्त स्थानमा जडान रहेको विद्युत् ट्रान्सफर्मर अनेक उपकरणको सहयोगले लगातार चोरी गर्ने गिरोहका ४ जनालाई अनुसन्धानको आधारमा इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मीनियाको टोलीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा गरुडा नगरपालिका ६ पोठीयाहिका ४२ वर्षीय अशोक साह, कटहरीया १ भासेढवाका ४६ वर्षीय रामलाल महतो, सोही ठाउँका ३६ वषीय का वीरेन्द्र राय यादव, ३७ वर्षीय सुखल महतो रहेको इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख इन्स्पेक्टर अरविन्द कुमार साहले बताएका छन् ।

उनीहरूको साथबाट प्रहरीले एक थान मोटरसाइकल, एक थान स्कुटी, एक थान आइफोन,र ३ थान अन्य कम्पनीको मोबाइल बरामद गरेको छ।

आरोपिहरूको बयानको आधारमा प्रहरीले गरुडा नगरपालिका ४ का लक्ष्मीप्रसाद चौधरीले आफ्नै घरमा सञ्चालन गरेको कवाडी पसलमा प्रहरीले छापा मारेको थियो । त्यसक्रममा विद्युत् ट्रान्सफर्मरमा प्रयोग हुने तामाको तारलगायतको सामग्री ठूलो मात्रामा बरामद गरेको छ ।

तामाको तारको चुडी १५ थान (१७६) किलोग्राम, तामाको कवायल रोल १५ थान (१२९) किलोग्राम, खुला तामाको तार ७१ किलोग्राम बरामद भएको इन्स्पेक्टर साहले बताए । कवाड पसल सञ्चालक चौधरी भने फरार रहेका उनले जानकारी दिएका छन् ।

पक्राउ परेका चारैजना माथि चोरी सम्बन्धी मुद्दा दर्ता गरी जिल्ला अदालत रौतहटबाट म्याद थमाएर थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मीनियाले जनाएको छ ।

पछिल्लो दुई वर्षदेखि रौतहटमा यस्ता चोरको गिरोह सक्रिय भएर दर्जनौं स्थानबाट विद्युत् ट्रान्सफर्मर चोरी गरिसकेका छन् । पक्राउ परे पनि सामान्य चोरी मुद्दा चलाउँदा कैयौं आरोपि अदालतबाट धरौटीमै छुट्ने हुँदा ट्रान्सफर्मर चोरी नियन्त्रण हुन नसकेको प्रहरीको भनाइ छ ।

# रक्षाका लागि शोभा यात्रा




टुडे समाचारदाता

जनकपुरधाम । सनातन धर्म रक्षाका निम्ति धनुषाको महेन्द्रनगरमा सोमबार शोभा यात्रा निकालिएको छ ।

हिन्दू धर्मावलम्बीलाई धर्मप्रति जागरुक बनाउन तथा एकताको सूत्रमा बाँध्न शोभा यात्रा निकालिएको बताइएको छ ।

सखुवा बजारमा रहेको हनुमान मन्दिरबाट शुरु गरिएको शोभा यात्रा महेन्द्रनगर बजार, दुर्गा मन्दिर र क्षीरेश्वरनाथ महादेव मठ हुँदै पुनः सखुवा बजारमा आएर टुङ्गिएको थियो ।

हिन्दू सम्राट सेना नेपाल र नेपाल सनातन धर्म हिन्दू संरक्षण समितिको आयोजनामा शोभा यात्रा निकालिएको थियो ।

शोभा यात्रामा सहभागी हिन्दू सम्राट सेना नेपालकी महिला नेतृ लक्ष्मी कायस्थले नेपाल सनातन धर्मावलम्बीहरुको देश भएको बताइन् ।

सनातन धर्म विश्वको सबैभन्दा प्राचीन धर्म भएको बताउँदै उनले सनातन धर्मको रक्षा गर्न हिन्दू धर्मावलम्बीहरुको कर्तव्य भएको बताइन् ।

सनातन धर्म हिन्दू संरक्षण समिति क्षीरेश्वरनाथ नगरपालिकाकासचिवसूर्यनारायण महतोले हिन्दू धर्मलाई समाप्त पार्ने षडयन्त्र भइरहेकाले सनातन धर्मावलम्बीलाई धर्मप्रति जागरुक बनाउन शोभा यात्राको आयोजना गरिएको बताए ।

विभिन्न धर्मका अनुयायीहरुले हिन्दू धर्मावलम्बीलाई विभिन्न खालको प्रलोभन तथा दबाब दिएर धर्म परिवर्तन गराइरहेको भन्दै उनले धर्म परिवर्तन रोक्न ठोस कानुन बन्नुपर्ने जानकारी दिए ।

## रुपनी पूर्णखोप सुनिश्चित पालिका

# जनस्वास्थ्य प्रयोगशाला संचालन र किसानको विद्युत महसुल पनि भुक्तानी

टुडे समाचारदाता




राजविराज । निर्वाचनका बेला गरिएको सार्वजनिक प्रतिबद्धता पुरा गर्दै सोमबार रुपनी गाउँपालिका पूर्णखोप सुनिश्चित पालिका घोषणा भएको छ ।

निर्वाचनका बेला रुपनी गाउँपालिकालाई पूर्णखोप सुनिश्चित पालिका बनाउने, किसानको बिद्युत महसुल, निःशुल्क गर्ने, स्वास्थ्य प्रयोगशालाको संचालन लगायत जनहीतका धेरै समस्या समाधान गर्ने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट उम्मेदवार बनेका दिनेश कुमार यादवले प्रतिबद्धता गरेका थिए ।

निर्वाचित भएपछि प्राथमिकताको आधारमा क्रमिक रुपमा प्रतिबद्धता पुरा गर्दै गएका अध्यक्ष यादवले सोमबार एकै दिन गाउँपालिकालाई पूर्णखोप सुनिश्चित घोषणा मात्र गरेनन् । जनस्वास्थ्य प्रयोगशालाको शुभारम्भ तथा किसानले खेतीपातीका लागि प्रयोग गरेको बिद्युत महसुलको पनि हालसम्मको एकमुष्ट रकम पालिकाको तर्फबाट विद्युत प्राधिकरणलाई बुझाएका छन् ।

गाउँपालिकाद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहले गाउँपालिकालाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरे । पालिकालाई पूर्णखोप सुनिश्चित बनाउन स्वास्थ्यकर्मीदेखी कर्मचारी महिनौ दिन गाउँको वडा वडामा खटेको अध्यक्ष यादवले बताए ।

पूर्णखोप सुनिश्चित गर्न १२ महिनादेखी २३ महिनासम्मका सम्पूर्ण बालबालिकालाई खोपको पूरा मात्रा लगाइएको प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादवले बताए । स्थानिय स्वास्थ्य केन्द्र र खोप क्लिनिक मार्फत बालबालिकालाई खोप लगाइएको उनको भनाई छ । बालबालिकालाई नियमित खोप लगाउने कार्य भइरहेको घोषणा सभामा अधिकृत जामुन कुमार दासले जानकारी गराए । घोषणासभामा मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. श्रवणकुमार मिश्रा, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव लगायतले सम्बोधन गर्दै पालिकाको अभियानको प्रशंसा गरे ।

आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.

९८०१६२६०२१, ९८५५०२१०२२

email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८